# कोहलपुर नगर कार्यपालिकाको कार्यालय

## कोहलपुर, बाँके, नेपाल

**समक्ष**

**प्रस्तुत**

# कोहलपुर नगरपालिकाको प्रशासनिक सुधार सम्बन्धी प्रतिवेदन

।

। ।

। । ।

। ।

।

२०७९

# अध्ययनकर्ताको तर्फबाट

नेपालको संविधान जारी भएपश्चात नेपाल सरकारको मिति २०७३।११।२७ को निर्णयबाट साविकका ३३०० भन्दा बढी गाउँ विकास समितिहरू र २१७ नगरपालिकाहरूलाई समायोजन गरी २९३ नगरपालिकाहरू र ४६० गाउँपालिकाहरू सहित ७५३ स्थानीय तह गठन गरी संवैधानिक व्यवस्थालाई कार्यान्वयनमा ल्याएकोछ । वि.सं. २०७४ मा भएको स्थानीय तहको निर्वाचनपछि निर्वाचित जनप्रतिनिधिहरूबाट कार्यभार सम्हाल्दा नवगठित गाउँपालिका तथा नगरपालिकाहरूको संगठनात्मक संरचनाको आधार कमजोर रहेको थियो । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिमका कार्यजिम्मेवारीहरू सम्पादन गर्न स्थानीय तहको प्रशासकीय प्रणालीको पुनःसंरचनाको आवश्यकता सोही समयदेखि महसूस भएको हो । स्थानीय तह मार्फत जनस्तरमा पु-याउनु पर्ने सेवाहरू निर्वाध, सहज र सर्बसुलभ रूपमा उपलब्ध गराउन चुस्त सङ्गठन निर्माण र जनशक्ति पहिचान, जनशक्ति समायोजन तथा व्यवस्थापन गर्नु आवश्यक थियो । त्यसैगरी तोकिएका कार्यजिम्मेवारी सम्पादन गर्न सक्ने गरी संगठनात्मक पुनःसंरचनाको अभिभारा पूरा गर्नु पनि जनप्रतिनिधिको लागि चुनौतीपूर्ण रहेको थियो।

पालिकाको एक कार्यकाल समाप्तिपछि हाल दोस्रो कार्यकालको शुरुवात भएकोछ। दोस्रो कार्यकालको लागि निर्वाचित प्रतिनिधिहरुले प्रशासनिक सुधारको माध्यमबाट सुशासन कायम गर्दै पालिकाको प्रभावकारी भूमिका अभिबृद्धि गर्ने सोच राखु सकारात्मक पक्ष हो । यही सोचको कार्यान्वयनको लागि हामीलाई अध्ययन गरी सुझाव दिने जिम्मेवारी प्राप्त भएकोछ ।

सुधारको सम्भावना बारेमा अध्ययन गराउने, सुझाव लिने तर त्यसको कार्यान्वयन नगर्ने नेपालको राष्ट्रिय रोग हो । सुझावहरुसहितको प्रतिवेदन प्राप्त हुँदैमा सुधार हुने होइन । प्राप्त सुझाव सबै कार्यान्वयनयोग्य हुन्छन् भन्ने पनि छैन । तर जिम्मेवार पदिधकारी वा संयन्त्रले प्राप्त सुझावहरुको सुक्ष्म अध्ययन गर्ने र कार्यान्वयनयोग्य र साधनस्रोतले धान्न सक्ने अनि अत्यावश्यक सुझावहरु क्रमश कार्यान्वयन गर्दै जाने नीति लिनु आवश्यक हुन्छ ।

पालिकाको सुधारका लागि आवश्यकताको पहिचान गरी हामीले सकेसम्म व्यावहारिक सुझावहरु प्रस्तुत गरेका छौं । समयाभावको कारणले हामीले गहिराइमा पुगेर अध्ययन गर्न नभ्याएका कतिपय सुझावको कार्यान्वयनको लागि थप अध्ययन गर्नु पर्ने पनि देखियो । कतिपय नयाँ कानुन र निर्देशिकाहरु बनाउनु पर्ने र केहीमा सुधार वा संशोधन गर्नु पर्ने पनि देखियो ।यी सबै विषयको सुक्ष्म अध्ययन र छलफल गरी नवनिर्वाचित पदाधिकारीहरुबाट सुधारको ठोस प्रयास हुनेछ भन्ने हामीले आशा एवं विश्वास गरेका छौं ।

दोस्रो कार्यकालका लागि नवनिर्वाचित पदाधिकारीहरुबाट नगरपालिकाको प्रशासनिक सुधार गर्ने अठोट गरी हामीलाई विश्वास गरेर यस कार्यदलको गठन गरेकोमा हामी आभारी छौं । हाम्रो अध्ययनका क्रममा सक्रिय सहयोग गर्नु हुने नगर प्रमुख र उपप्रमुख लगायत सबै पदाधिकारीहरुमा आभार व्यक्त गर्दछौं । प्रमुख प्रशासकीय अधिकृत लगायत सबै कर्मचारी मित्रहरुप्रति पनि हामी आभारी छौं । छलफलका क्रममा सहभागी भई आफ्ना अमूल्य सुझाव दिनुहुने सम्बद्ध सबै सरोकारवालाहरुमा धन्यवाद भन्न चाहन्छौं । यस प्रतिवेदनको कार्यान्वयनमा समेत

सरोकारवालाहरुबाट नगरपालिकालाई उचित सहयोग प्राप्त हुने आशा एवं विश्वास गर्दछौं ।

हामीलाई आशा छ यस प्रतिवेदनको कार्यान्वयन भई कोहलपुर नगरपालिका एक नमूना नगरपालिका बन्न सक्नेछ ।

धन्यवाद ।

गोकर्ण प्रसाद शर्मा

शारदा प्रसाद त्रिताल

कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# विषयसूची


**भाग १** ........ 1

**परिचय** ........ 1

१.१ पृष्ठभूमी ........ 1

१.२ अध्ययनको उद्देश्य ........ 2

१.३ अध्ययनको कार्यदिश ........ 2

१.४ अध्ययनको विधि ........ 3

१.५ अध्ययनका सीमा ........ 5

१.६ प्रतिवेदनको खाका ........ 6

**भाग २** ........ 7

**कोहलपुर नगरपालिकाको विद्यमान अवस्था** ........ 7

२.१ नगरपालिकाको परिचय ........ 7

२.२ कोहलपुर नगरपालिकाको भौगोलिक तथा सामाजिक अवस्था ........ 9

२.३ प्रशासनिक संरचना र व्यवस्थापन ........ 11

२.३.१ प्रशासनिक संरचना ........ 11

२.३.२ सेवा, समूह, तह र पदको व्यवस्था ........ 11

२.३.३ शाखागत कार्यविवरण ........ 11

**भाग ३** ........ 13

**कोहलपुर नगरपालिकाको सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याको विश्लेषण** ........ 13

३.१ समस्याको पहिचान ........ 13

३.२ समस्याका कारणहरु ........ 14

**भाग ४** ........ 19

**सुधारका क्षेत्रको पहिचान, सुझाव र निष्कर्ष** ........ 19

४.१ सुधारका सम्भाव्य क्षेत्रहरुको पहिचान ........ 19

४.२ सुझावहरु ........ 20

४.२.१ समग्र सुझाव ........ 20

४.२.२ नगरपालिकाको प्रस्तावित संगठनात्मक स्वरुप ........ 30

४.२.३ प्रस्तावित सेवा, समूह, तह र पद ........ 33

४.३ सुधार कार्यान्वयनको कार्ययोजना ........ 33

४.४ निष्कर्ष ........ 35

**अनुसूची १** ........ 37

**अनुसूची २** ........ 38

**अनुसूची ३** ........ 39

**अनुसूची ४**........................................................40
**अनुसूची ५**........................................................41
**अनुसूची ६**........................................................43
**अनुसूची ७**........................................................44
**अनुसूची ८**........................................................45
**अनुसूची ९**........................................................48





कोहलपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# भाग १

# परिचय

## १.१ पृष्ठभूमी

नेपाल सरकार मन्त्रिपरिषदको मिति २०७१।१।२५ को निर्णयले तत्कालीन कोहलपुर र रजेना गाउँ विकास समिति समाहित गरी कोहलपुर नगरपालिकाको गठन भई २०७१।२।७ देखि औपचारिक रूपमा नगरपालिकाको हैसियतमा कार्य प्रारम्भ गरिएको थियो । वि.सं. २०७३।११।२७ मा स्थानीय तह पुनःसंरचना हुँदा यस नगरपालिकाको क्षेत्र विस्तार भई तत्कालीन शमशेरगंज गाविस समेत यसै नगरपालिकामा गाभिएपछि हाल यस नगरपालिकाको क्षेत्रफल १८४.२६ वर्ग कि.मी., र वडा संख्या १५ कायम भएको छ। वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ७०६४७ रहेको छ ।

२०७४ सालमा पहिलो पटक नवनिर्वाचित प्रतिनिधिले नगर पालिकाको नेतृत्व गर्न शुरु गरेपछि पाँच वर्षको अवधिमा कतिपय महत्वपूर्ण नीतिगत, कानुनी र संरचनागत प्रबन्धहरु भए ।यद्यपि सुशासन र प्रशासनिक पद्धतिको विकासको दृष्टिले धेरै सुधार गर्नु पर्ने अवस्था रहेकोछ ।

यसै सन्दर्भमा दोस्रो कार्यकालको लागि नवनिर्वाचित टिमले प्रशासनिक सुधारको माध्यमबाट सुशासन अभिबृद्धि गर्ने उद्देश्यले विज्ञहरु रहेको कार्यदल गठन गरी अध्ययन गराउने निर्णय गरेकोछ ।

## १.२ अध्ययनको उद्देश्य

अध्ययनको मुख्य उद्देश्य कोहलपुर नगरपालिकालाई सुशासनको दृष्टिले नमूना नगरपालिका बनाउन उपयुक्त व्यवस्था प्रस्ताव गर्नु हो । यस्तै हालसम्मको काम कारवाहीको पुनरावलोकन गरी देखिएका कमी कमजोरी सुधार गर्ने उपायहरुको खोजी गर्नु, प्रशासनिक चुस्तता ल्याउने पद्धतिको आधार निर्माण गर्नु र सेवा प्रवाहमा प्रभावकारिता ल्याउनु जस्ता अन्य उद्देश्यहरु रहेका छन्।

## १.३ अध्ययनको कार्यदिश

कोहलपुर नगरपालिकाबाट कार्यटोलीका लागि दिएइका कार्यदिश (Terms of Reference, TOR) निम्नबमोजिम रहेको छः–

(क) कोहलपुर नगरपालिकाको समग्र प्रशासन, सुशासन, आर्थिक मितव्ययिता, सङ्गठन संरचना, विगतका नीति तथा कार्यक्रमको उपलब्धी, जनसंख्या, राजस्व र भूगोल लगायतको सैद्धान्तिक पुनरावलोकन गरी समग्र नीतिगत सुझाव दिने,

(ख) नेपाल सरकार एवं यस नगरपालिकाको निर्णय बमोजिमको विद्यमान संरचना, विभिन्न सेवा समूहमा रहने कर्मचारी (स्थायी, अस्थायी, करार एवं ज्यालादारी तर्फ कार्य गर्ने) को आवश्यक संख्या पहिचान गरी सुझाव दिने,

(ग) नगरपालिकाको दैनिक प्रशासनिक कार्यसञ्चालन पद्धतिको अध्ययन गरी सो मा सुधार गर्नु पर्ने भए सुझाव दिने,

(घ)नगरपालिकाको विकास, समृद्धि र सुशासनको लागि अन्य स्थानीय सरकार, प्रदेश सरकार, नेपाल सरकार एवं अन्तर्राष्ट्रिय अभ्यासलाई आधार मानी कार्यान्वयन कार्ययोजना सहितको सुझाव दिने,

(ङ)नगरपालिकाका प्रमुख लगायत विभिन्न पदाधिकारी तथा कर्मचारीहरुसँगको छलफलमा उठेका अन्य विषयहरु समावेश गर्ने ।

कार्यदललाई दिइएको कार्यदिश व्यापक विषयमा आधारित रहेकोछ। सो सम्बन्धमा कार्यदलले तोकिएको समयावधि १५ दिनभित्र पूर्ण अध्ययन गरी प्रतिवेदन दिन सम्भव थिएन । नगरपालिकाका पदाधिकारी तथा प्रमुख प्रशासकीय अधिकृतसँग छलफल गर्दा मुख्यत सुशासन, कार्यसञ्चालन र प्रशासनिक व्यवस्थापनमा केन्द्रित रहेर अध्ययन गरी सुझाव दिन आग्रह भए अनुसार सोही बमोजिम यो प्रतिवेदन तयार गरिएकोछ । यस प्रतिवेदनमा मुख्यत प्रशासनिक संरचना, दरबन्दी, सेवा समूह र पद व्यवस्था तथा तिनको परिचालनमा गर्नुपर्ने सुधारलाई जोड दिइएकोछ ।यद्यपि माथि उल्लेख भएका सबै पक्षमा संक्षेपमा सबै विषयमा सुझावहरु प्रस्तुत गरिएकोछ ।

## १.४ अध्ययनको विधि

अध्ययन प्रतिवेदन विभिन्न स्रोत तथा सङ्कलित तथ्याङ्कहरूको विश्लेषणमा आधारित छ । अध्ययनको क्रममा विभिन्न विधि अपनाइएको थियो ।संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको वेबसाइटमा भएका सामग्रीहरुको अध्ययन कोहलपुर नगरपालिकाको वेबसाइट र प्रशासनबाट प्राप्त दस्तावेजहरुको अध्ययन लगायत विभिन्न स्रोत सामग्रीको अध्ययन गरिएको थियो ।

कोहलपुर नगरपालिका र यस पालिकाभित्रका विभिन्न वडाहरुको स्थलगत भ्रमण गरी वस्तुस्थितिको जानकारी प्राप्त गरिएको थियो ।

कोहलपुर नगरपालिकाका पदाधिकारी, पूर्व पदाधिकारी एवं कर्मचारीहरुसँग छलफल गरी सुधार गर्नुपर्ने विषयहरुको विवरण सङ्कलन गरिएको थियो ।

संघीयता कार्यान्वयनका सम्बन्धमा उल्लेख भएका केही राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पुस्तक, लेखरचना तथा अध्ययन प्रतिवेदनहरुको समेत अध्ययन गरिएको थियो।

प्रतिवेदनलाई थप स्पष्ट एवं वस्तुनिष्ठ बनाउन मूल रुपमा देहायका सामाग्रीहरूको अध्ययन गरिएको थियो–

- नेपालको संविधानको धारा ५७ र सम्बन्धित अनुसूची ५, ६, ७, ८, ९ र १० मा उल्लेखित संघ, प्रदेश र स्थानीय तहको अधिकार र साझा अधिकारका विषयहरू,
- सङ्गठन संरचनाका सैद्धान्तिक आधारहरुको अध्ययन र विगतका नगरसभाहरूको निर्णय, मार्गदर्शनहरू,
- नगर कार्यपालिका कार्यालयबाट प्राप्त दरबन्दी सम्बन्धी विवरणहरू र कर्मचारीहरुको विवरण,
- स्थानीय तहको कार्यसँग सम्बन्धित ऐन तथा नियमावलीहरू, निर्देशिकाहरु, कार्यविधिहरु,
- नगरपालिकाद्वारा तयार भएका विभिन्न विषयका योजनाहरु,

सङ्गठनको सेवा इकाइहरुको संख्या र जनशक्ति विश्लेषण गर्दा कायम भएका वडाहरू, नगरपालिका केन्द्रबाट ती वडाहरूको भौगोलिक दूरी तथा सेवाप्रवाहका

दृष्टिले विद्यमान वडा कार्यालयहरुसम्मको पहुँच, कार्यपालिका अन्तर्गत रहेका शाखा/उपशाखाहरुको सङ्ख्या र उपलव्ध सेवा र सो सम्बन्धी विभिन्न कठिनाइहरुको अवस्था विश्लेषण गरिएको थियो ।

अध्ययनका लागि सुझाव सङ्कलन गर्न नगरपालिकाका प्रमुख, उपप्रमुख, कार्यपालिकाका सदस्यहरु र नगर कार्यपालिका कार्यालयका प्रमुख प्रशासकीय अधिकृत, कर्मचारी प्रशासन लगायत सबै शाखा सम्बद्ध कर्मचारीहरु र सरोकारवालाहरूसँग शाखाको कार्यबोझ, कर्मचारीको उपलव्धता र कार्यसम्पादनको अवस्था लगायतका विषयमा घनिभूत छलफल गरी सुझाव तथा पृष्ठपोषण लिइएको थियो । अध्ययन प्रस्ताव मसौदा उपर नगर कार्यपालिकाको कार्यालयमा विभिन्न तहमा गरिएका छलफल र बैठकबाट प्राप्त प्रतिक्रिया, सुझावहरु समावेश गरी यो प्रतिवेदन तयार गरिएको हो ।

### १.५ अध्ययनका सीमा

अध्ययनको समयावधि काम शुरु गरेको मितिले १५ दिन तोकिएको छ । कार्यदिशले अध्ययन गर्नु पर्ने क्षेत्र व्यापक तोकेकोछ । यसरी समयसीमा छोटो हुनाले अध्ययनको गहिराइ कमजोर हुनसक्ने अवस्था भयो । अध्ययन गर्दा नगरपालिकाका १५ वटै वडाको स्थलगत भ्रमण गरी वस्तुस्थितिको जानकारी लिन सम्भव हुन सकेन ।

नगरपालिकाको वेबसाइटमा सम्पूर्ण विवरणहरु अपलोड गरी नसकेको कारणले निर्मित कानुन र अन्य दस्तावेजको खोजी गर्न समेत समय लाग्न गयो ।

नगरपालिकाका सेवाग्राही र सरोकारवालाहरुसँग व्यापक रुपमा छलफल गरी वस्तुस्थितिको थप जानकारी लिन समयाभाव रह्यो ।

## १.६ प्रतिवेदनको खाका

यस प्रतिवेदनलाई चार भागमा विभाजन गरिएकोछ –

- पहिलो भागमा प्रतिवेदनको परिचय सम्बन्धी विषयहरु प्रस्तुत गरिरएकोछ।
- भाग २ मा कोहलपुर नगरपालिकाको विद्यमान अवस्थाको बारेमा चर्चा गरिएकोछ ।
- प्रतिवेदनको भाग ३ मा कोहलपुर नगरपालिकाको सञ्चालन र व्यवस्थापनमा देखिएका समस्याको पहिचान गर्नुको साथै समस्याका कारणहरुको विवेचना गरिएकोछ ।
- भाग ४ मा सुधारका क्षेत्रहरुको पहिचान र सुधारका लागि सुझावहरु प्रस्तुत गरिएकोछ ।

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# भाग २

# कोहलपुर नगरपालिकाको विद्यमान अवस्था

## २.१ नगरपालिकाको परिचय

संघीय संरचनाका आधारमा मुलुकलाई ७ प्रदेशमा विभाजन गरिएपश्चात ५ नं. प्रदेश क्षेत्रफलका दृष्टिले तेश्रो ठूलो र जनसंख्याका दृष्टिले चौथो ठूलो प्रदेश भएको छ । यस प्रदेशभित्र १२ जिल्ला अन्तर्गत उपमहानगरपालिका ४, नगरपालिका २५ र गाउँपालिका ७३ सहित कुल १०९ स्थानीय तहहरू रहेका छन् । कुल २९ नगरपालिकाहरू मध्ये बाँके जिल्लाको कोहलपुर नगरपालिका यस प्रदेशको तीब्र विकास भई रहेको अत्यन्त ठूलो सम्भावना बोकेको नगर मानिन्छ ।

नेपाल सरकार, मन्त्रिपरिषदको मिति २०७१।१।२५ को निर्णयले तत्कालीन कोहलपुर र रजेना गाविस समाहित गरी कोहलपुर नगरपालिकाको गठन भई २०७१।२।७ देखि औपचारिक रूपमा नगरपालिकाको हैसियतमा कार्य प्रारम्भ गरिएको थियो । वि.सं. २०७३।११।२७ मा स्थानीय तह पुनःसंरचना हुँदा यस नगरपालिकाको क्षेत्र विस्तार भई तत्कालीन शमशेरगंज गाविस समेत यसै नगरपालिकामा गाभिएपछि हाल यस नगरपालिकाको क्षेत्रफल १८४.२६ वर्ग कि.मी. र वडा संख्या १५ कायम भएको छ। वि.सं. २०६८ को जनगणना अनुसार यस नगरपालिकाको कुल जनसंख्या ७०६४७ रहेको छ ।

देशको राजधानी काठमाण्डौदेखि लगभग ५०० कि.मी. तथा प्रदेश ५को अस्थायी मुकाम बुटवलबाट पश्चिम तर्फ २३६ कि.मी.को दूरीमा यो नगर अवस्थित छ । पूर्व पश्चिम राजमार्गको निर्माण शुरू भएसंगै २०३५/३६ देखि

यस क्षेत्रमा मुलुकका विभिन्न भागबाट बसाई सराईको क्रम शुरू भएसंगैं वस्ती तथा बजारको विस्तार शुरू भएको पाईन्छ । कर्णाली प्रदेश राजधानी जोडने रत्न राजमार्गको शुरू विन्दु पनि यही नगर भएकोले यो नगर यातायात र रणनीतिक महत्वका दृष्टिले अत्यन्त उपयुक्त स्थानमा रहेको देखिन्छ ।स्वर्गीय राजा बीरेन्दले २०४० सालमा कोहलपुरको नगर गुरू योजना तयार गर्न निर्देशन भए अनुसार कोहलपुर नगर विकास समिति गठन भई सो मार्फत कोहलपुर नगर विकास गुरू योजना तयार भई कार्यान्वयनमा आएपछि यो नगर व्यवस्थित नगरको रूपमा विकासको फडको मार्दै अगाडि बढिरहेको नेपालका राम्रा गुरुयोजना भएका नगरपालिका मध्येको कोहलपुर पनि पर्दछ ।

स्थानीय सरकारको भूमिकामा नगरपालिकाले प्रभावकारी सेवा प्रवाह गरी जनता विचमा दरो उपस्थितिको अनुभूति दिलाउनु मुख्य कर्तव्य हो । यसको लागि विद्यमान भौगोलिक अवस्था, राजस्वको अवस्था, उपलव्ध न्यून जनशक्ति, नयाँ सङ्गठन निर्माण र कार्यालय इकाइहरुको कार्यक्षेत्र विस्तार तथा व्यवस्थापन गर्नु प्रमुख चुनौतीका रुपमा देखा परेकोछ । कर्मचारी समायोजन प्रयोजनको लागि नमूनाको रूपमा कायम गरिएको सङ्गठन संरचना र सो बमोजिमको कर्मचारी संयन्त्र मार्फत तोकिएका सेवा तथा सुविधाहरू सहज र सरल रूपमा प्रदान गर्ने काम जटील हुन गएकोछ ।

## २.२ कोहलपुर नगरपालिकाको भौगोलिक तथा सामाजिक अवस्था[1]

सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको प्रदेश नं. ५ अन्तर्गत तराई क्षेत्रको बाके जिल्लाको उत्तर पश्चिम कुनामा अवस्थित कोहलपुर नगरपालिकाको पूर्वमा राप्तीसोनारी गाउँपालिका, पश्चिममा जानकी गाउँपालिका, उत्तरमा सल्यान जिल्लाको चुरे पहाड श्रृंखला पर्दछ भने दक्षिणमा जानकी गाउँपालिका र नेपालगञ्ज उपमहानगरपालिका पर्दछ । विं. स. २०७१ वैशाख २५ गतेको नेपाल सरकार मन्त्रिपरिषदको निर्णय बमोजिम विं. स.२०७१ ज्येष्ठ ७ गते औपचारिक रुपमा साविकको रझेना गाविस र कोहलपुर गाविसको समायोजन भै कोहलपुर नगरपालिकाको स्थापना भएको हो ।

लोकतान्त्रिक गणतन्त्रात्मक राज्य व्यवस्थाको स्थापना पश्चात स्थानीय तह पुनर्सरचनाका लागि गरिएको निर्णयानुसार साविकको शम्सेरगञ्ज गाविसको समायोजन भैं १५ वटा वडा सहितको नगरपालिकको रुपमा स्थापना भएको हो ।चुरे पहाडको श्रृंखलासँग जोडिएको यो नगरपालिका २८ डिग्री ७ मिनेट १२ सेकेण्ड देखि १८ मिनेट ५४ सेकेण्ड उत्तर अक्षांश तथा ८१ डिग्री ३८ मिनेट २४ सेकेण्ड देखि ८१ डिग्री ४९ मिनेट ५१.६ सेकेण्ड पूर्वी देशान्तरमा पर्दछ ।जिल्ला सदरमुकाम नेपालगञ्ज देखि १० कि.मि टाढा उत्तरतर्फ रहेको यस नगरपालिकाको क्षेत्रफल १८४.२६ वर्ग कि.मी. रहेको छ।

[1] कोहलपुर नगरपालिकाको वेबसाइटमा रहेको विवरण र नगरपालिकाको प्रोफाइलमा उल्लेख भएको विवरणमा आधारित

साविकका तीन वटा गाविस कोहलपुर, रझेना र शम्सेरगञ्जलाई समायोजन गरी स्थापना गरिएको यस नगरपालिकामा साविकका तीनै गाविसको विं सं. २०६८ सालको जम्मा घरपरिवार १५४८३ र जनसंख्या ७०६४७ रहेको थियो . विं. सं २०७३ को घरधुरी सर्वेक्षणमा घरपरिवार र जनसंख्या बढेर क्रमशः १७६८९ र ८७३०० पुगेको छ । २०६८ देखि २०७३ सम्मको जनसंख्यालाई विश्लेषण गर्दा जनसंख्याको वृद्धिदर ३.५३ रहेको पाइन्छ जुन राष्ट्रिय वृद्धिदरभन्दा झण्डै दोब्बर हो।

कोहलपुर साक्षर नगरपालिका हो । समग्रमा नगरपालिकाको कुल जनसंख्याको १५ देखि ६० वर्ष उमेर समूहका ५,६०६ निरक्षरमध्ये २७३७ जनाले मापदण्ड अनुसारका ५० प्रतिशतभन्दा बढी सक्षमताहरु हासिल गरी नगरपालिकाको कुल साक्षरता ९६.८५ प्रतिशत पुगेको छ । उक्त उमेर समूहका जनसंख्याको साक्षरता प्रतिशत ९५ प्रतितभन्दा बढी भएमा साक्षर नगरपालिका घोषणा गर्ने नीतिगत व्यवस्था भए अनुसार मिति २०७६ जेठ ३१ गतेका दिन कोहलपुर साक्षर नगरपालिका घोषणा गरिएको थियो । साक्षर नगरपालिका घोषणाको तथ्याङ्क अनुसार वडा नं. १ मा ९९.२४, वडा नं. २ मा ९८.९७, वडा नं. ३ मा ९६.९६, वडा नं. ४ मा ९२.९७, वडा नं. ५ मा ९७.६८, वडा नं. ६ मा ९९.४०, वडा नं. ७ मा ९६.२३ र वडा नं. ८ मा ९४.३० प्रतिशत जनसङ्ख्या साक्षर रहेका छन् ।

यसैगरी वडा नं. ९ मा ९८.७०, वडा नं. १० मा ९६.४८, वडा नं. ११ मा ९६.२२, वडा नं. १२ मा ९६.९३, वडा नं. १३ मा ९६.००, वडा नं. १४ मा प्रतिशत ९१.०० र वडा नं. १५ मा ९९.६१ प्रतिशत जनसंख्या साक्षर

छन् । यसपछि ९५ प्रतिशतभन्दा बढी साक्षर हुन बाँकी वडाका र नगरपालिकाका सबै उमेर समूहका निरक्षर जनसङ्ख्यालाई साक्षर गराउने विशेष कार्यक्रम सञ्चालन गर्ने योजना रहेको छ ।

जातीय, धार्मिक, भाषिक, साँस्कृतिक, सामाजिक तथा राजनीतिक महत्व तथा विशेषता बोकेको यस कोहलपुर नगरपालिकाले आफ्नै खालको धार्मिक, राजनीतिक र सामाजिक महत्व राख्छ ।

## २.३ प्रशासनिक संरचना र व्यवस्थापन

### २.३.१ प्रशासनिक संरचना

यस नगरपालिकाको शुरुको प्रशासनिक संरचना नेपाल सरकारद्वारा २०७४ सालमा निर्धारण गरिएको अन्तरिम संरचना अनुरुप थियो । २०७६ सालमा आएर नगरसभाले पारित गरेको नयाँ संरचना लागु भएकोछ । हालसम्म यही संरचनाका आधारमा नगरपालिकाको प्रशासनिक कार्य सञ्चालन भइरहेकोछ । तर भएका निर्णयहरुबारे समयमा सही तरिकाले संचार नहुँदा कर्मचारीहरु भने २०७४ को अन्तरिम संरचना अनुरुप कामकाज गरिरहेको समेत देखिन आयो ।

### २.३.२ सेवा, समूह, तह र पदको व्यवस्था

अनुसूची ८ मा उल्लेख गरिएकोछ ।

### २.३.३ शाखागत कार्यविवरण

नेपालको संविधानको अनुसूची ८ र ९ मा उल्लेखित कार्यसूची अनुसार संघीय तथा प्रदेश कानून बमोजिमका कार्यजिम्मेवारी र कार्यक्षेत्रको दायरामा रही स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अन्य व्यवस्थाका साथै परिच्छेद ३

को दफा ११ मा उल्लेख भएको नगरपालिकाको काम, कर्तव्य र अधिकारको कार्यान्वयनका लागि नगरपालिकाको साङ्गठनिक संरचनामा प्रस्ताव भएका शाखा उपशाखाहरूको कार्यविवरण तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने हुन्छ । २०७८ मा तयार भएको कर्मचारी कार्य विवरण सङ्गठन ढाँचा अनुसार छैन । उक्त कार्यविवरण अन्य कुनै नगरपालिकाको लागि तयार गरिएको कपिबाट नक्कल गरी तयार गरेको देखिन्छ जुन यस नगरपालिकाको संगठनात्मक संरचना र कार्य विभाजनसँग मिल्दैन ।

# भाग ३

## कोहलपुर नगरपालिकाको सञ्चालन तथा व्यवस्थापनमा देखिएका समस्याको विश्लेषण

### ३.१ समस्याको पहिचान

विगतमा नगरपालिकाको सञ्चालन तथा व्यवस्थापनका लागि अनेकौं प्रयासहरु भएका देखिन्छन् । धेरैजसो आधारभूत कानुनहरु बनेका छन् । प्रशासनिक संरचना स्वीकृत भएकोछ । योजना तथा कार्यक्रमहरु बनी कार्यान्वयनमा पनि लगिएकोछ । नगरपालिका कार्यालय र वडा कार्यालयहरुले आ–आफ्ना कार्यहरु सुचारु गरेका छन् । नागरिकले स्थानीय सरकारलाई आफ्नो सरकारको रुपमा पाएको महसूस गरेको देखिन्छ ।

यद्यपि यस्ता प्रयासहरु;

- योजनाबद्ध, प्राथमिकताका आधारमा र पद्धतिबद्ध हुन सकेको देखिएन ।
- दिगो सुधारको दृष्टिले होइन कि जसरी भए पनि काम चलाउनु पर्छ भन्ने दृष्टिले काम कारवाही हुने गरेको देखियो ।
- नीतिगत स्पस्टतासहित दीर्घकालिन सोच अनुरुप काम कारवाही हुनु पर्नेमा तदर्थवादमा चल्ने प्रवृत्ति देखियो ।
- कार्यक्षेत्र र आर्थिक अवस्था तथा मानवीय स्रोतको क्षमताको बारेमा ध्यान पुग्न सकेको देखिएन ।
- साधनस्रोतको समतामूलक र मितव्ययी ढंगले प्रयोग गरेको देखिएन ।
- प्रशासनयन्त्रको सञ्चालन र विकास निर्माण कार्यमा दलगत स्वार्थ अनुरुप पक्षधरता हुने गरेको देखियो ।

समग्रमा, सुशासन र व्यवस्थापनको पाटो कमजोर रहेको देखियो ।

३.२ समस्याका कारणहरु

- **नयाँ परिवेश हुनु,**
  - संविधान बने पश्चातको पहिलो जननिर्वाचित प्रतिनिधिहरुका लागि नगरपालिकाको सञ्चालन तथा व्यवस्थापन पूर्णत नयाँ थियो ।
  - नीतिगत स्पस्टता थिएन ।
  - अत्यावश्यक कानुनहरु बनेका थिएनन् ।
  - उपयुक्त प्रशासनिक संरचना र कर्मचारीहरुको अभाव थियो ।
  - जनप्रतिनिधिको आधारभूत क्षमता विकास समयमा हुन सकेन ।
- **संघीय सरकारबाट समयमा उचित मार्गदर्शन र अन्य व्यवस्था हुन नसक्नु,**
  - संघीय सरकारबाट संविधान बन्नासाथ स्पस्ट नीतिगत मार्गदर्शन हुन सकेन ।
  - संविधान निर्माण भएपछिका दुईवर्ष सरकार बनाउने र गिराउने दाउपेचमै संघीय सरकार अलमलियो ।
  - कानुनी पूर्वाधार र साधनस्रोतको न्यूनतम व्यवस्था जुन समयावधिभित्र हुनुपर्ने थियो, त्यो हुन सकेन ।
  - संघीय निजामती सेवा ऐन समयमा नबन्दा स्थानीय सरकारले कर्मचारी व्यवस्थापनका लागि आफ्नो कानुनी व्यवस्था गर्न सकेन ।
  - संघीय लोकसेवा आयोग ऐन समयमा बन्न सकेन ।
  - कर्मचारी समायोजन वैज्ञानिक नहुँदा कर्मचारी व्यवस्थापनमा जटीलता देखिनु
  - प्रमुख प्रशासकीय अधिकृतको परिवर्तन चाँडो चाँडो भइरह्यो जसले गर्दा प्रशासनिक व्यवस्थापनमा अवरोध सिर्जना हुन पुग्यो ।

- **नगरपालिकामा नीतिगत स्पस्टताको अभाव हुनु,**
  - पहिलो कार्यकालका लागि निर्वाचित जनप्रतिनिधले के कस्तो नीतिगत व्यवस्था हुनुपर्छ भन्ने सम्बन्धमा उचित ध्यान दिएको देखिएन ।
  - कुन विषयलाई प्राथमिकता दिने भन्ने तर्फ सोचिएको देखिएन ।
  - दिगो व्यवस्था गर्नेतर्फ ध्यान पुगेन ।
  - तदर्थवादमा काम चलाउन खोजेको देखियो ।
  - आवश्यक कानुनको निर्माण समयमा नहुनु र निर्माण भएका कानुनहरु कार्यान्वयन हुन सकेको देखिएन ।
  - शिक्षा, स्वास्थ्य, कृषि तथा रोजगारी सिर्जना जस्ता महत्वपूर्ण क्षेत्रमा पर्याप्त ध्यान दिन सकेको देखिएन ।
  - बजेटको बाँडफाँड र अन्य साधनस्रोतको प्रयोगमा दलगत स्वार्थ हावी भएको देखियो ।
  - नगर उपप्रमुखको संवैधानिक र कानुनी भूमिका अनुरुप कार्य गर्ने सम्बन्धमा उचित सहयोग र सहजिकरण हुन सकेको देखिएन ।
  - सेवा प्रवाहलाई प्रभावकारी बनाउन विशेष प्रयास हुन सकेको देखिएन ।
- **प्रशासनिक संरचना र व्यवस्थापन सुधार तर्फ पर्याप्त ध्यान जान नसक्नु,**
  - नगरपालिकाको प्रशासनिक व्यवस्थापनका सम्बन्धमा स्पस्ट सोच र नीति रहेको देखिएन ।
  - नगरपालिका आफन्तहरुलाई रोजगारी दिलाउने संस्थाको रुपमा विकास भइरहेको देखियो ।

- शिक्षा, स्वास्थ्य र कृषि जस्ता महत्वपूर्ण क्षेत्रमा जनशक्ति व्यवस्थापनको लागि ठोस आधार र प्रक्रियाहरु स्थापित गर्न सकिएको देखिएन ।
- कर्मचारीको व्यवस्थापन पद्धतिमा आधारित हुन सकेको देखिएन ।
- सेवा, समूह, तह र पदहरुको उपयुक्त व्यवस्था गर्ने तर्फ पर्याप्त ध्यान दिइएन ।
- कार्यबोझको उपयुक्त विश्लेषण विना दरबन्दी सिर्जना गर्ने गरेको देखियो।
- कामको प्रकृति र कर्मचारीको परिचालनका बीच सामञ्जस्य कायम हुन सकेको देखिएन ।
- कार्यकक्षहरुको उपयुक्त अवस्थिति मिलाउन नसकेको देखियो ।
- प्रशासनिक क्षमता अभिबृद्धिमा पर्याप्त ध्यान गएको देखिएन ।
- प्रविधिको विकास र त्यसको उच्चतम प्रयोग गर्ने सम्बन्धमा पर्याप्त ध्यान दिएको देखिएन ।
- वडा कार्यालयहरुलाई प्रभावकारी बनाउने तर्फ उचित व्यवस्था गर्न सकेको देखिएन ।

➢ **आन्तरिक नियन्त्रण प्रणालीको विकास नहुनु,**

- उपलब्ध साधनस्रोतको समुचित प्रयोग हुन नसकेको देखियो ।
- दलगत पक्षधरताका आधारमा साधनस्रोतको परिचालन गर्ने प्रवृत्ति हावी भएको देखियो ।
- प्रशासनिक र आर्थिक अनुशासन कमजोर रहेको देखियो ।
- कानुन तथा निर्देशिकाहरुको निर्माण लगायतका परामर्श सेवामा आफ्ना मान्छेलाई अवसर दिंदा गुणस्तरयुक्त कार्य हुन नसकेको देखियो ।

- श्रोत र साधनको प्रक्षेपण यथार्थपरक नभएको कारणले लक्ष्य अनुरुप प्रगति हुन नसकेको देखियो ।
- वितरणमुखी कार्यक्रमहरु सञ्चालन गरेको देखियो।
- सुपरिवेक्षण तथा अनुगमन पद्धति प्रभावकारी बनाउन सकेको देखिएन ।
- नगरपालिका अन्तर्गतका सार्वजनिक जग्गा समीन, प्राकृतिक तथा भौतिक सम्पत्तिको उचित अभिलेखीकरण र संरक्षण गर्ने गरेको देखिएन ।

➢ **प्राकृतिक सम्पदाको संरक्षण एवं प्रबर्द्धन गर्ने ठोस आधार नबन्नु**

- नगरपालिका प्राकृतिक स्रोत र साधनमा मजबूत छ तर तिनको संरक्षण र सम्बद्धर्नका ठोस नीति र कार्यक्रमहरु बन्न सकिरहेको देखिएन ।
- लुम्बिनी, कर्णाली र सुदूर पश्चिम प्रदेशको केन्द्रविन्दुको रुपमा प्रशस्त सम्भावना बोकेको स्थान भएकोले कोहलपुर नगरपालिका क्षेत्रमा आन्तरिक बसाइसराइको चाप बढिरहेको देखियो ।
- नपामा अव्यवस्थित बसोबासी र सुकुम्बासीको चाप बढिरहेको देखियो ।
- हाल दर्ता भएका भनिएका करिब १७ हजार मध्ये १५ हजार बढी त अव्यवस्थित बसोबासीको संख्या देखिन्छ जसले वन जंगलको विनासलाई थप भयावह बनाउने नै हो । यस मध्ये अधिकांशको नक्कली प्रमाण छ भन्ने भनाइ रहेको पाइयो ।
- तत्कालिन मध्यपश्चिम क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतले २०६९ सालमा गराएको एक अध्ययनले बाँके जिल्लामा सुकुम्बासी र अव्यवस्थित बसोबासी भनी प्रमाणित गरिएका मध्ये करिब ९ प्रतिशत मात्र वास्तविक भूमीहिन सुकुम्बासी हुन सक्ने देखाएको थियो ।अरु सबै भूमाफियाद्वारा खडा गरिएका नक्कली सुकुम्बासी तथा अव्यवस्थित बसोबासी हुन् भन्ने देखिएको थियो । हालसम्म पनि सो अवस्था कायमै रहेकोछ भन्ने जानकारी हुन आयो ।

- सुकुम्बासी र अव्यवस्थित बसोबासीलाई केही राजनीतिक दलहरुले भोट बैंकको रुपमा प्रयोग गर्नाले सार्वजनिक जग्गा जमीनको अतिक्रमण र प्राकृतिक स्रोत साधनको विनास पनि त्यत्तिकै बढिरहेको छ ।
- भूमीहिन सुकुम्बासी र अव्यवस्थित बसोबासीका पछाडि भूमाफियाहरुको चलखेलले अझ उग्र रुप लिइरहेको भन्ने बुझिन आयो ।
- तसर्थ नक्कली सुकुम्बासी र अव्यवस्थित बसोबासीका बारेमा नगरपालिका समयमै सजग हुन सकेन भने सार्वजनिक जग्गा जमीनको अतिक्रमण र प्राकृतिक स्रोतसाधनको अत्यधिक विनास हुने सम्भावना देखिन्छ ।
- आगामी दिनमा यस्ता जग्गा जमीनको अतिक्रमण र प्राकृतिक स्रोत साधनको विनासको गहन छानविन भएको अवस्थामा सम्बद्ध पदाधिकारीहरु समेत दोषी ठहरिन सक्ने सम्भावना प्रति ध्यान नदेखिएको बुझियो ।

नगर कार्यपालिकाको कार्यालय
कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## भाग ४

## सुधारका क्षेत्रको पहिचान, सुझाव र निष्कर्ष

### ४.१ सुधारका सम्भाव्य क्षेत्रहरुको पहिचान

पालिकामा सुधारका धेरै प्रयासहरु भएका देखिन्छन् । धेरै संख्यामा ऐन, नियम, कार्यविधि, निर्देशिकाहरु बनेका छन् । योजनाहरु (आवधिक योजना, राजश्व सुधार कार्ययोजना, आदि) बनेका छन् । सङ्गठन संरचना स्वीकृत भएकोछ । संचार समूह गठन गरिएकोछ । सेवा प्रवाहमा प्रभावकारिता ल्याउन केही प्रयासहरु भएका छन् ।

सुधारको गन्तव्य हुँदैन भनिन्छ । हरेक सुधारले थप सुधारको आवश्यकता औंल्याइरहेको

हुन्छ । समयको गतिसँगै सुधारका थप क्षेत्र र मान्यताहरु देखा पर्दै जान्छन्। यही वास्तविकताको सेरोफेरोमा रहेर हेर्दा कोहलपुर नगरपालिकामा थप सुधार गर्नुपर्ने धेरै क्षेत्रहरु देखापरेका छन् ।ती क्षेत्रहरुमा मुख्यत देहायका विषयहरु पर्ने देखिन्छः-

- स्पस्ट गन्तव्यसहितको दीर्घकालिन सोच र नीति निर्माण (५वर्षीय र दीर्घकालिन),
- योजनाबद्ध विकास प्रक्रियाको सुदृढ व्यवस्थापन,
- नागरिक सहभागितामा आधारित विकास निर्माण,
- सेवा प्रवाहमा चुस्तता र प्रभावकारिता,
- अत्यावश्यक कानुनको निर्माण तथा भइरहेका कानुनमा सुधार,

- वस्तुनिष्ठ आन्तरिक नियन्त्रण प्रणालीको विकास र प्रभावकारी परिपालनाको सुनिश्चितता,
- सुशासन तथा सदाचार पद्धतिको विकास र दृढतापूर्वक कार्यान्वयनको व्यवस्था,
- जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता विकासको आवश्यक व्यवस्था,
- प्रशासनिक र व्यवस्थापकीय प्रभावकारिताद्वारा सुशासनको अभिबृद्धि ।

प्रस्तुत सन्दर्भमा नगरपालिकाको सङ्गठन सुधारका लागि सङ्गठन सम्बन्धी स्थापित निम्न मान्यता एवं सिद्धान्तहरुलाई मार्गदर्शनका रुपमा लिइएको छ–

- आधारभूत सेवाको सुनिश्चिता हुने आधार,
- सेवामा पहुँच र सेवाको गुणस्तर,
- उत्पादकत्व र कार्यकुशलता तथा मितव्ययिता,
- कार्यजिम्मेवारी, पारदर्शिता र जवाफदेहिता,
- कार्यबोझ, जिम्मेवारी निर्वाह र कार्यसम्पादनका लागि सङ्गठनकोउपयुक्त ढाँचा र पद व्यवस्था,
- कर्मचारीको कार्यसम्पादन र वृत्ति विकासको अवसरका बीच सामञ्जस्य कायम हुने व्यवस्था ।

## ४.२ सुझावहरु

### ४.२.१ समग्र सुझाव

नगरपालिकाको प्रशासनिक सुधारलाई मुख्य विषयवस्तुका रुपमा प्रस्तुत गरिएको भए तापनि छलफलमा उठेका विषय र नगरपालिकाको संक्षिप्त

अध्ययनका आधारमा मुख्यत तल उल्लेख गरिएका विषयहरुमा संक्षिप्त रुपमा सुझाव संलग्न गरिएकोछ ।

**(क) दीर्घकालिन सोच र नीति निर्माणका सम्बन्धमा**

- पालिकाको समग्र विकास र व्यवस्थापनको लागि पञ्चवर्षीय वा सो भन्दा लामो अवधिको नीति वा रणनीति तयार गरी लागु गर्नु पर्ने देखिन्छ । यस्ता नीति वा रणनीति बनाउँदा विषयक्षेत्रगत रुपमा बनाउन सकिन्छ, जस्तो– शिक्षा नीति वा रणनीति, स्वास्थ्य नीति वा रणनीति, कृषि नीति वा रणनीति, आदि ।
- यस्ता नीति वा रणनीति बनाउँदा आधारभूत विषयमा सर्बपक्षीय/सर्बदलीय सहमति कायम गर्ने परिपाटीको विकास हुनु आवश्यक देखिन्छ ।
- यस किसिमको नीति वा रणनीति बनाउँदा नागरिक सहभागितालाई उच्च प्राथमिकता दिने पद्धतिको विकास गर्नु पर्दछ ।नागरिक सहभागिता मुख्यत नीति निर्माण, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रतिफलको वितरणको चरणसम्म अनिवार्य गर्ने व्यवस्था हुनुपर्छ । (यसको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गर्न लगाएको "लोकतान्त्रिक शासन व्यवस्थामा नागरिक सहभागिता सम्बन्धी कार्यविधि, २०७६" को सहयोग लिन सकिन्छ) ।

**(ख) योजना प्रक्रियाका सम्बन्धमा**

- योजना प्रक्रिया वास्तविकतामा आधारित हुनु पर्दछ ।
- उपलब्ध साधनस्रोतको सीमाभित्र रहेर प्राथमिकताका आधारमा योजनाको छनोट र निर्माण गर्नु पर्दछ ।

- योजना तर्जुमा दिग्दर्शन २०७८ मा उल्लेख भएका प्रत्येक चरण र प्रक्रियाहरुको अवलम्बन हुने गरी योजना तर्जुमा गर्ने परिपाटीको विकास गर्नु आवश्यक छ ।
- योजना प्रक्रियाका प्रत्येक चरणमा नागरिक सहभागिता सुनिश्चित हुने व्यवस्था गरिनुपर्छ ।
- योजना कार्यान्वयन गर्दा योजनाको गुणस्तर, अनुगमन पद्दति, योजना पुस्तिका, उपभोक्ता समितिलाई तालिम, नेपालीमा लागत अनुमान, योजनामा होर्डिङ बोर्ड, योजनाको मर्मत सम्भार कोष, टुक्रे योजनालाई निरुत्साहन, आवश्यक योजनाको मात्र डी पी आर (DPR) बनाउने जस्ता विषयहरुलाई अनिवार्य सम्बोधन गर्नुपर्ने देखिन्छ ।
- योजना तथा कार्यक्रमहरुको लागि उपयुक्त अनुगमन पद्दतिको विकास गरी त्यसको निरन्तर प्रयोग गर्ने व्यवस्था गरिनुपर्छ । आन्तरिक नियन्त्रण पद्धति सम्बन्धी नमूना दिग्दर्शनमा उल्लेख भए अनुसारको अनुगमन तथा सुपरिवेक्षण निर्देशिका अविलम्ब बनाई कार्यान्वयन गर्नुपर्छ ।

**(ग) सेवा प्रवाहलाई प्रभावकारी बनाउने सम्बन्धमा**

- सेवा प्रवाहमा चुस्तता र प्रभावकारिता ल्याउन विशेष जोड दिनु पर्दछ । यसको लागि पालिकाका सम्बन्धित शाखा उपशाखाहरुको कार्यप्रक्रिया पारदर्शी बनाउनुपर्छ ।
- नागरिकले स्पस्ट बुझ्ने भाषामा सबैले देख्ने ठाउँमा क्षतिपूर्ति सहितको नागरिक बडापत्रको व्यवस्था गर्नुपर्छ । नगर कार्यपालिकाको कार्यालयमा सम्भव भएसम्म डिजिटल नागरिक बडापत्र राख्ने व्यवस्था गर्नुपर्छ।

- पालिकामा नोडल अधिकृतको व्यवस्था र सूचना अधिकारीको व्यवस्था तत्कालै गर्नु पर्ने देखिन्छ ।
- पालिका र वडा कार्यालयहरुमा उजुरी पेटिकाको व्यवस्था गर्ने र समयमा सो उजुरी पेटिका खोलेर हेर्ने व्यवस्था पनि गर्नु पर्ने देखिन्छ ।
- प्रत्येक वडा कार्यालयमा समेत अनिवार्य रुपमा नागरिक बडापत्र राख्नुपर्छ ।
- वडा कार्यालयहरुलाई साधनस्रोत र कर्मचारीको पर्याप्त व्यवस्था गर्नुपर्छ ।
- जनसंख्याको चाप र सेवाग्राहीको संख्याको आधारमा वडा कार्यालयमा आवश्यकता अनुरुप क्रमश "हेल्प डेस्क" राख्तै जाने नीति अवलम्बन गर्नुपर्छ ।हेल्प डेस्कको सञ्चालन भने सेवा करारको माध्यमबाट गर्नुपर्छ । सेवा करार व्यक्तिलाई होइन, संस्थालाई दिने व्यवस्था गर्नुपर्छ ।
- उत्कृष्ट सेवा प्रवाह गर्ने शाखा, वडा कार्यालय र कर्मचारीलाई पुरस्कृत गर्ने पद्धतिको विकास गर्नुपर्छ ।यसको लागि सेवाग्राहीले मूल्याङ्कन गर्ने सूचकहरुको निर्माण गर्ने र सेवाग्राही संतुष्टी फारम भर्ने प्रणालीको व्यवस्था गर्नुपर्छ ।

**(घ) अत्यावश्यक कानुनको निर्माण तथा सुधार गर्ने सम्बन्धमा**

- निम्न बमोजिमका निर्देशिका / कार्यविधि अविलम्ब तयार गरी कार्यान्वयनमा ल्याउनु पर्ने देखिन्छ —
  - स्थानीय तहको आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन (नमूना २०७८)
  - पालिकाको संचित कोषको आलेप सम्बन्धी कार्यविधि (नमूना २०७८)
  - स्थानीय तहको अनुगमन र सुपरिवेक्षण समितिको कार्यसञ्चालन कार्यविधि (नमूना २०७८)

- टोल विकास संस्था (गठन र परिचालन) कार्यविधि (नमूना २०७७)
- विषयगत समिति (कार्य सञ्चालन) कार्यविधि (नमूना २०७८)

➢ विद्यमान ऐन, नियम, निर्देशिका, कार्यविधि लगायतमा देखिएका कमी कमजोरी सुधार गर्न विज्ञद्वारा अध्ययन गराउनु आवश्यक देखिन्छ ।

➢ ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरु धेरै बनेका छन् तर तिनका बारेमा सरोकारवालालाई उचित किसिमले संचार हुन नसकेको देखिन्छ । पालिकाभित्रका सम्बन्धित शाखा उपशाखाहरुलाई समेत सो सम्बन्धमा जानकारी हुने गरेको देखिएन | ऐन, नियमावली, कार्यविधि, निर्देशिकाहरु बनाउने र सम्बन्धितलाई जानकारी हुने व्यवस्था मिलाई कार्यान्वयनमा जिम्मेवार बनाउने व्यवस्था गर्नुपर्ने देखिन्छ। यस्ता कानुनी व्यवस्था स्वीकृत हुनासाथ वेबसाइटमा राख्ने व्यवस्था गर्नुपर्छ ।

**(ङ) वस्तुनिष्ठ आन्तरिक नियन्त्रण प्रणालीको विकास र प्रयोग सम्बन्धमा**

➢ यथासक्य चाँडो आन्तरिक नियन्त्रण दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु अत्यावश्यक देखिन्छ ।यसको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरी प्रेसित गरेको दिग्दर्शनलाई आधार मान्नु पर्ने हुन्छ ।

➢ आन्तरिक नियन्त्रण सम्बन्धी दिग्दर्शन तर्जुमा गर्दा सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ तथा नियमावली २०६५ र सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को व्यवस्थालाई समेत आधार मान्नु पर्ने देखिन्छ ।

(च) **सुशासन तथा सदाचार पद्धतिको विकास र दृढतापूर्वक कार्यान्वयन गर्ने सम्बन्धमा**

- जनप्रतिनिधि र कर्मचारीको छुट्टाछुट्टै आचारसंहिता निर्माण गरी कार्यान्वयनमा ल्याउनुपर्छ । आचारसंहिता वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्छ ।
- आचारसंहिता परिपालनाको अवस्था मूल्याङ्कन गर्न सूचकहरु समेत तयार गर्नुपर्छ ।
- पदाधिकारी र कर्मचारीलाई आचारसंहिता पालना गर्ने प्रतिवद्धता पत्रमा हस्ताक्षर गर्ने, गराउने र सोको अभिलेख राख्ने व्यवस्था समेत मिलाउनुपर्छ ।
- आचरणहरु उल्लङ्घन गरे, नगरेको सम्वन्धमा जाँचबुझ तथा अनुगमन गर्ने अधिकार सुशासन समितिलाई दिई यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्छ ।
- पदाधिकारीले आफ्नो सम्पत्ति विवरण कानुनले तोके बमोजिम सार्वजनिक गर्ने व्यवस्था गर्नुपर्छ । कर्मचारीले पनि कानुनले तोके बमोजिम सम्पत्ति विवरण अनिवार्य पेश गर्नुपर्छ ।
- सुशासन कायम गर्ने सन्दर्भमा सामाजिक परीक्षण, सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइका कार्यहरु नियमित रुपमा गर्ने व्यवस्था मिलाउनु पर्छ।
- अनुगमन तथा सुपरिवेक्षण समिति र अनुगमनमा संलग्न हुने पदाधिकारी तथा कर्मचारीका लागि स्पस्ट अनुगमन पद्धतिको विकास गर्नुपर्ने आवश्यक छ । यसको लागि अनुगमन तथा मूल्याङ्कन निर्देशिका तर्जुमा गरी लागु गर्नुपर्ने देखिन्छ ।
- निजी स्वार्थ गाँसिएको विषयसँग सम्बन्धित निर्णयमा सहभागी नहुने व्यवस्था गरी त्यसको प्रभावकारी परिपालना गर्नु गराउनुपर्छ ।

➢ यस किसिमको आचारसंहिता निर्माण गर्दा सुशासन(व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ र निजामती कर्मचारीको आचरण सम्बन्धी नियमावली, २०६५ लाई आधार मान्नु उपयुक्त हुने देखिन्छ ।

**(छ) कार्यसञ्चालन तथा व्यवस्थापन सम्बन्धमा**

➢ कार्यसञ्चालन तथा व्यवस्थापनमा सुधार गर्न मुख्यत तीन विषयमा ध्यान दिनुपर्छ —

- सञ्चालनगत सुधार (Operational Reform) जसले नीतिगत, कानुनी र संरचनागत स्पस्टता कायम गर्न र कार्यसञ्चालन र व्यवस्थापनमा कुशलता एवं प्रभावकारिता ल्याउन सहयोग गर्छ ।
- परिपालनागत सुनिश्चितता (Compliance Guarantee) जसले अनुशासन, पारदर्शिता र उत्तरदायित्व प्रभावकारी भई काम कारवाहीलाई नतिजाउन्मुख बनाउन सक्छ ।
- प्रतिवेदनगत प्रभावकारिता (Reporting Effectiveness) जसले वास्तविकताको उजागर गर्दै भविष्यको निर्णय र कार्यको लागि पृष्ठपोषण गर्न सक्छ ।
- यी विषयमा प्रभावकारिता ल्याउन पनि यथाशीघ्र आन्तरिक नियन्त्रण प्रणाली दिग्दर्शन तर्जुमा गरी कार्यान्वयनमा ल्याउनु आवश्यक छ ।

➢ शाखा, उपशाखाहरु अनुरुप कर्मचारीहरुको यथार्थ कार्यविवरण तयार गरी यथाशक्य चाँडो कार्यान्वयनमा ल्याउनु पर्छ ।

➢ प्रत्येक शाखा उपशाखा प्रमुखलाई प्रमुख प्रशासकीय अधिकृतले अधिकार प्रत्यायोजन गरी जिम्मेवार बनाउनु पर्छ ।

- कार्यबोझ अनुरुप कर्मचारीको खटनपटन र व्यवस्थापन गर्नुपर्छ ।यस सम्बन्धमा प्रमुख प्रशासकीय अधिकृतले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।
- क्षमता विकास योजना बनाई जनप्रतिनिधि र कर्मचारीको क्षमता अभिबृद्धि गरिनु पर्छ ।
- राजश्व सुधार कार्ययोजना बनेको छ तर सो मा उल्लेख गरियो कार्ययोजना अनुरुप कार्य गर्ने तर्फ ध्यान दिएको देखिएन । कार्ययोजना कार्यान्वयनलाई प्रभावकारी बनाउने र यसका लागि बजेट समेत विनियोजन गर्नु पर्ने देखिन्छ।
- आर्थिक अनुशासनका सन्दर्भमा आलेप उपशाखाको क्रियाशिलता, पेस्की, बेरुजु नियन्त्रण र फरफारक, मासिक चौमासिक वार्षिक आम्दानी र खर्चको पारदर्शिता, सेवा सुविधा ऐन कानुनको परिधिभित्र रहेर दिने, खरिद इकाई गठन गरी वार्षिक खरिद योजना बनाएर मात्र खरिद गर्नु पर्ने जस्ता विषयमा प्रमुख प्रशासकीय अधिकृतले विशेष ध्यान दिनु पर्ने देखिन्छ ।
- वड़ा अध्यक्षले सदस्यहरुलाई अधिकार प्रत्यायोजन गरी ऐन नियममा उल्लेख भएका काममा जिम्मेवार बनाउनु पर्छ ।
- राजश्व परिचालन तर्फ व्यवसाय कर र बहाल कर वड़ालाई उठाउन अनुमति दिनु उपयुक्त हुने देखिन्छ ।
- वड़ा कार्यालय व्यवस्थापन तर्फ वडागत बजेटको व्यवस्था गरी लजिस्टिक सामानहरु एकमुष्ठ खरिद गरी उपलब्ध गराउनु उपयुक्त हुने देखिन्छ ।
- वड़ालाई आवश्यक पर्ने मेशिनरी औजारको व्यवस्था गर्ने, आवश्यकीय सवारी साधन उपलब्ध गराउने व्यवस्था गर्नुपर्ने देखिन्छ।

➢ पालिकाको क्षेत्रभित्र पर्ने जग्गा जमीन तथा भौतिक र प्राकृतिक सम्पदाको यथार्थ अभलेख राख्ने र तिनको संरक्षण गर्ने उपयुक्त व्यवस्था गर्नुपर्ने देखिन्छ । यसको लागि प्रमुख प्रशासकीय अधिकृतले आवश्यक व्यवस्था गर्नुपर्छ । यो कार्य तत्काल गरिहाल्नु पर्ने देखिन्छ ।

➢ सामाजिक समाबेशीकरण नीति बनेको देखिन्छ । सो नीतिभित्र रही रणनीतिहरु बनाउनु पर्छ ।

➢ नगरपालिकाले जेसी अडिटको कार्यलाई निरन्तरता दिनु पर्ने देखिन्छ ।

➢ नगर उपप्रमुखले निर्वाह गर्नु पर्ने भूमिका महत्वपूर्ण रहेको तर व्यवहारमा गौण रहने गरेको देखिएकोले सो भूमिकालाई प्रभावकारी बनाउन नगर प्रमुखले उचित समन्वय र सहजिकरण गर्नुपर्ने देखिन्छ ।

➢ अडिट प्रतिवेदन, २०७९ औंल्याएका देहायका सुझावहरुको तत्काल कार्यान्वयन गर्नुपर्छ—

- <u>कर्मचारी करार</u> : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) बमोजिम पालिकाले नगर प्रहरी, सवारी चालक, सयेस, कार्यालय सहयोगी, प्लम्बर, इलेक्ट्रिसियन, चौकीदार, माली, बगैंचे लगायतको पदमा मात्र करारबाट सेवा लिन सकिने व्यवस्था गरेको छ । अन्य पदहरु करारमा राख्न सकिने व्यवस्था छैन । पालिकाले यसको कडाइका साथ पालना गर्नुपर्ने देखिन्छ ।

- <u>प्रोत्साहन खर्च</u> : मापदण्ड तयार नगरी विद्युतीय हाजिरी अभिलेख र सूचक बेगर खर्च गरेको देखिएको छ । प्रोत्साहन भत्ता, सभा सञ्चालन

भत्ता, टेलिफोन सुविधा, कानुन निर्माण आदि विषयहरु मौजुदा कानुन कै आधारमा मात्र गर्नु पर्ने देखिन्छ ।

- भ्रमण अभिलेख राखेर मात्र भ्रमणको उद्देश्य अनुरुप खर्च गर्नुपर्छ ।
- सवारी साधनको मर्मत अभिलेख खाता अनिवार्य राख्ने व्यवस्था गरी लगबुक बेगर इन्धन खर्च नगर्ने परिपाटी बसाल्नुपर्छ।
- पेश्की फछ्यौंट गर्ने कार्य प्राथमिकतासहित कार्यान्वयन गर्नुपर्छ । नपामा समाहित हुन आएका साबिक गाबिसको पेस्की बेरुजु पालिकामा अद्यावधिक गर्ने र विधि प्रक्रिया पुर्याएर फछ्यौंट गर्नुपर्छ।
- बेरुजु नै नहुने गरी आर्थिक प्रशासन सञ्चालन गर्नुपर्छ । यसमा नगर प्रमुख लगायतका पदाधिकारी र प्रमुख प्रशासकीय अधिकृतबाट निगरानी गर्ने परिपाटीको विकास गर्नुपर्छ ।
- गैससँग काम गराउँदा VAT मा दर्ता भएकासँग मात्र गराउनु पर्छ।
- उपभोक्ता समितिसँग सम्झौता भएका कामहरु समितिबाट नै गराउनु पर्नेमा केही काममा निर्माण व्यावसायी संलग्न भै भुक्तानी गरेको देखिएकोले यसमा तत्काल सुधार गर्नुपर्ने देखिन्छ।
- भेरिएसन अर्डर नगरी ल. ई. भन्दा बढी रकम भुक्तानी गर्न नमिल्ने व्यवस्थाको कडाइकासाथ पालना गर्नु गराउनु पर्छ ।
- बजेट सीमा निर्धारण समिति ऐनको मर्म अनुरुप सक्रिय बनाउनु पर्ने देखिन्छ।
- पालिकाले चौमासिक र वार्षिक प्रगति विवरण तयार गरी निर्धारित ढाँचामा राख्नु पर्ने देखिन्छ ।

- आर्थिक सहायता खर्चलाई नियन्त्रण गर्नु पर्ने देखिन्छ ।
- गत वर्षको रकम भुक्तानी दिनु पर्दा मलेप फारम न २२१ भरेर मात्र भुक्तानी दिने गर्नु पर्ने व्यवस्थाको कडाइका साथ पालना हुनुपर्छ ।
- बेरुजु प्रत्येक वर्ष बढिरहेको छ ।२०७९ सम्म कायम भएको बेरुजु रकम ३२ करोड ८७ लाख १४ हजार पुगेको देखिन्छ। तसर्थ आर्थिक नियन्त्रण तर्फ विशेष ध्यान दिनु पर्ने देखिन्छ ।

४.२.२ नगरपालिकाको प्रस्तावित संगठनात्मक स्वरुप

- पालिकाको संगठनात्मक स्वरुप पालिकाको कार्यक्षेत्रलाई समेट्ने तर छरितो र नतिजाउन्मुख हुने किसिमले निर्माण गर्नुपर्छ ।
- धेरै शाखा उपशाखा र दरबन्दी सिर्जना गर्ने तर्फ होइन, उपयुक्त आकारको सङ्गठन निर्माण (Right Sizing) गरी व्यवस्थापन गर्नुपर्छ ।
- सङ्गठनात्मक संरचना अद्यावधिक गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको माध्यमबाट मात्र गर्ने व्यवस्था गर्नुपर्छ ।
- विद्यमान सङ्गठन संरचना, यसमा गर्नु पर्ने सुधार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले निर्दिष्ट गरेका विषयवस्तु समेतका आधारमा देहायअनुसार शाखा उपशाखाहरु सहितको सङ्गठन संरचना प्रस्ताव गरिएकोछ :–

(क)**सामान्य प्रशासन शाखा** – यस शाखा अन्तर्गत कर्मचारी प्रशासन उपशाखा, खरिद तथा जिन्सी व्यवस्थापन उपशाखा, बैठक व्यवस्थापन तथा निर्णय कार्यान्वयन उपशाखा र वडा कार्यालय समन्वय इकाइ रहने छन् ।

(ख) **योजना तथा अनुगमन शाखा–** यस शाखा अन्तर्गत योजना उपशाखा, अनुगमन उपशाखा र सूचना, संचार, प्रविधि र तथ्याङ्क उपशाखा रहने छन् ।

(ग) **आर्थिक प्रशासन शाखा–** यस अन्तर्गत लेखा उपशाखा, राजस्व उपशाखा र आलेप उपशाखा रहने छन् ।

(घ) **कानुन शाखा–** यस शाखा अन्तर्गत कानुन उपशाखा र न्यायिक समिति समन्वय उपशाखा रहने छन् ।

(ङ) **आर्थिक विकास शाखा–** यस शाखा अन्तर्गत उद्योग, पर्यटन तथा रोजगार प्रबर्द्धन उपशाखा र उपभोक्ता हकहित, बजार अनुगमन र संघसंस्था समन्वय उपशाखा रहने छन् ।

(च) **शिक्षा, खेलकूद तथा युवा विकास शाखा–** यस शाखा अन्तर्गत शिक्षा प्रशासन उपशाखा र युवा तथा खेलकूद विकास उपशाखा रहने छन् ।

(छ) **स्वास्थ्य शाखा–** यस शाखा अन्तर्गत जनस्वास्थ्य तथा मातृ शिशु उपशाखा, स्वास्थ्य केन्द्र समन्वय उपशाखा, आयुर्वेद समन्वय उपशाखा र नगर सरसफाइ उपशाखा रहने छन् ।

(ज) **कृषि विकास शाखा–** यस शाखा अन्तर्गत कृषि विकास उपशाखा र कृषि प्रसार उपशाखा रहने छन् ।

(झ) **पशुपंक्षी विकास शाखा –** यस शाखा अन्तर्गत पशुपंक्षी विकास उपशाखा र पशुपंक्षी स्वास्थ्य उपशाखा रहने छन् ।

(ञ) **सामाजिक विकास शाखा–** यस शाखा अन्तर्गत महिला, बालबालिका तथा जेष्ठ नागरिक उपशाखा र पञ्जिकरण तथा सामाजिक सुरक्षा उपशाखा रहने छन् ।

(ट) **पूर्वाधार विकास शाखा–** यस शाखा अन्तर्गत आवास, भवन तथा नक्सापास उपशाखा, कोहलपुर नगरविकास समन्वय उपशाखा रहने छन्।

(ठ) **वातावरण तथा विपद व्यवस्थापन शाखा–** यस शाखा अन्तर्गत वातावरण संरक्षण उपशाखा र विपद व्यवस्थापन उपशाखा रहने छन् ।यसै शाखा अन्तर्गत नगर प्रहरी इकाइ र दमकल इकाइ पनि रहने छन् ।

- प्रस्तावित सङ्गठन संरचना अनुसूची ५मा दिइएकोछ ।

४.२.३ प्रस्तावित सेवा, समूह, तह र पद

- कुनै पनि संरचना वा दरबन्दी हेरफेर गर्दा सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण (O&M Survey) को आधारमा मात्र गर्नु पर्छ ।
- व्यक्ति करारमा लिई काम गराउने प्रवृत्तिमा रोक लगाई सेवा करारमा काम गराउने पद्धति बसाल्नुपर्छ ।
- करारमा यसअघि नियुक्त भएका कर्मचारीको हरेक ६ महिनामा कार्यसम्पादन मूल्याङ्कन गरी ९५ प्रतिशत भन्दा बढी अंक ल्याउनेलाई मात्र करार अवधि थप गर्नसक्ने व्यवस्था गर्दा उपयुक्त हुने देखिन्छ ।
- दरबन्दी नभएका पदमा करारमा नियुक्त कर्मचारीलाई अडिट रिपोर्ट समेतका आधारमा म्याद नथप्ने व्यव्था गर्नुपर्छ ।तर संघ र प्रदेशबाट प्राप्त सशर्त अनुदानमा उल्लेख भएको हकमा सोही बमोजिम गर्नुपर्छ ।
- यस अध्ययनले आवश्यक देखाएका सेवा, समूह, तह र पदहरु अनुसूची .... मा उल्लेख भए अनुसार रहने
  छन् ।तर यथासक्य चाँडो O&M Survey गरी उपयुक्त सेवा, समूह, तह र पदको सुनिश्चितता गर्नुपर्छ ।

४.३ सुधार कार्यान्वयनको कार्ययोजना

- माथि सुझाइएका मुख्य सिफारिसहरुको कार्यान्वयनको लागि देहाय बमोजिमको कार्यान्वयन कार्ययोजना प्रस्तुत गरिएकोछ :–
- प्रतिवेदनमा उल्लेख गरिएका क्रियाकलापमा आधारित सुझावहरुलाई नगरपालिकाको स्रोत, साधन र क्षमताका आधारमा विस्तृत कार्ययोजना बनाई लागु गर्दै जानु उपयुक्त हुन्छ ।

| सि नं | क्रियाकलाप | समयावधि | जिम्मेवार पदाधिकारी / निकाय | | कैफियत |
|---|---|---|---|---|---|
| | | | मुख्य जिम्मेवारी | सहयोगी जिम्मेवारी | |
| १ | दीर्घकालिन नीति/ रणनीति निर्माण गर्ने | ६ महिना | नगर कार्यपालिका | नगरसभा | |
| २ | योजना प्रक्रियालाई प्रभावकारी बनाउने | योजना तर्जुमा प्रक्रिया शुरु गर्ने समयबाट | नगर कार्यपालिका | नगरसभा/ प्रप्रअ | |
| ३ | सेवा प्रवाहलाई प्रभावकारी बनाउने | तत्काल /निरन्तर | नगरपालिकाका पदाधिकारी | प्रप्रअ / वडा अध्यक्ष र वडा सचिव | |
| ४ | अत्यावश्यक कानुनको निर्माण तथा सुधार गर्ने | तत्काल शुरु गरी ६ महिनाभित्र | नगरकार्यपालिका | नगरसभा | |
| ५ | वस्तुनिष्ठ आन्तरिक नियन्त्रण प्रणालीको विकास र प्रभावकारी कार्यान्वयन गर्ने | ,, | नगरकार्यपालिका | प्रप्रअ | |
| ६ | सुशासन तथा सदाचार पद्धतिको विकास र दृढतापूर्वक कार्यान्वयन गर्ने | ,, | ,, | ,, | |
| ७ | कार्यसञ्चालन तथा व्यवस्थापनमा प्रभावकारिता ल्याउने | ,, | ,, | ,, | |
| ८ | नगरपालिकाको प्रस्तावित संगठनात्मक स्वरुप र कार्यविवरणसहित स्वीकृत गरी कार्यान्वयनमा ल्याउने | यथाशीघ्र | नगरसभा | नगरकार्यपालिका / प्रप्रअ | |

४.४ निष्कर्ष

नेतृत्वमा इमानदारिता र प्रतिबद्धता छ भने सङ्गठनका आधाभन्दा बढी समस्या स्वत: समाधान हुन्छन् भन्ने मान्यता छ । नेतृत्वले सबै काम आफैं काम गर्ने होइन, गराउने हो । नेतृत्वले दृष्टिकोण (Vision) दिने हो, समन्वय गर्ने हो, काम गर्न अरुलाई उत्प्रेरित र सहजिकरण गर्ने हो, भइरहेका कामको सुपरिवेक्षण र अनुगमन गर्ने हो । यसको लागि सहभागितामूलक नेतृत्व आवश्यक पर्छ । नगरपालिकाको हकमा नगर प्रमुख, उपप्रमुख र नगर कार्यपालिका समग्रमा नेतृत्वको रुपमा रहेकोले सोही अनुरुप कार्य हुन सकेमा सुधार गर्न सहज हुने देखिन्छ ।

सुधारको काम संगतिपूर्ण (Comprehensive) र निरन्तर (Continue) हुनुपर्छ । मौसमी र टुक्रे सुधारले संस्थाको दिगो विकास गर्न सम्भव हुँदैन । यसर्थ सुधार योजनाबद्ध हुनुपर्छ । सुधारका कार्यहरु गर्दा अध्ययनमा आधारित भएर गर्नु पर्ने हुन्छ । सुधार गर्दा तत्काल गर्ने र दीर्घकालिन रुपमा गर्ने सुधारको क्षेत्रको पहिचान गर्न सक्नुपर्छ ।

सबै सुधारका कार्यमा थप खर्च नलाग्ने पनि हुन सक्छ । काम गर्ने शैलीमा परिवर्तन गर्न खर्च लाग्दैन । काम कारवाही गर्दा कार्यविभाजन सही तरिकाले गर्नसक्नु पर्छ । काम कारवाही पारदर्शी हुनु पर्छ । सबैको जिम्मेवारीलाई सम्मान गर्ने र सहयोग गर्ने भावनाको विकास हुनुपर्छ । समय व्यवस्थापन गर्न पनि कुनै थप खर्च लाग्दैन । बैठकहरु व्यवस्थापन गर्न थप खर्च लाग्दैन । कार्यक्रमहरुमा भाग लिने पदाधिकारीको सहभागितालाई आवश्यकता अनुसार मिलाउन थप खर्च लाग्दैन । यस्ता कार्यहरु तत्काल कार्यान्वयन गर्न सकिन्छ।

प्रस्तुत अन्य सुझावहरु कार्यान्वयन गर्न कार्ययोजना अनुरुप विस्तृत कार्यक्रमहरु बनाई प्राथमिकताकासाथ निर्णय र कार्यहरु गर्दै जानु पर्ने देखिन्छ ।

**सन्दर्भ सामग्रीहरुको सूची**


- नेपाल सरकार (२०७२) नेपालको संविधान, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं ।
- नेपाल सरकार (२०७४) स्थानीय सरकार सञ्चालन ऐन, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं ।
- नेपाल सरकार (२०७४) अन्तर–सरकारी वित्त व्यवस्थापन ऐन, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं ।
- नेपाल सरकार (२०६३) सार्वजनिक खरिद ऐन, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं ।
- नेपाल सरकार (२०७४) राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, कानुन किताब व्यवस्था समिति, काठमाण्डौं ।
- नेपाल सरकार (२०७३) कार्य विस्तृतिकरण, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिंहदरबार ।
- नेपाल सरकार (२०६६) सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण निर्देशिका, सामान्य प्रशासन मन्त्रालय
- नेपाल सरकार (२०६७) निजामती कर्मचारीको कार्यविवरण तयार गर्ने निर्देशिका, सामान्य प्रशासन मन्त्रालय
- कोहलपुर नगरपालिका (२०७४), कार्यसम्पादन नियमावली ।
- कोहलपुर नगरपालिका(२०७५), नगर पार्श्वचित्र ।
- कोहलपुर नगरपालिका (२०७९) बजेट तथा कार्यक्रम पुस्तिका, २०७९/०८०
- कोहलपुर नगरपालिकाको अडिट रिपोर्ट, २०७९
- कोहलपुर नगरपालिलकाको सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन, २०७६
- कोहलपुर नगरपालिकाको कर्मचारी कार्यविवरण, २०७८
- कोहलपुर नगरपालिकाको राजश्व सुधार कार्ययोजना २०७९/०८० — ०८१/०८२


कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

## अनुसूची १

## नेपालको संविधानको अनुसूची ८ बमोजिम स्थानीय तहको एकल अधिकारको सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | नगर प्रहरी |
| २. | सहकारी संस्था |
| ३. | एफ.एम.सञ्चालन |
| ४. | स्थानीय कर (सम्पत्ति कर, घर वहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर),सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत सङ्कलन । |
| ५. | स्थानीय सेवाको व्यवस्थापन |
| ६. | स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन |
| ७. | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८. | आधारभुत र माध्यामिक शिक्षा |
| ९. | आधारभूत स्वास्थ्य र सरसफाई |
| १०. | स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता |
| ११. | स्थानीय सडक, ग्रामीड सडक, कृषि सडक, सिंचाइ |
| १२. | गाउँ सभा, नगर सभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३. | स्थानीय अभिलेख व्यवस्थापन |
| १४. | घर जग्गा धनी पुर्जा वितरण |
| १५. | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६. | ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन |
| १७. | बेरोजगारको तथ्याङ्क संकलन |
| १८. | कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण |
| १९. | खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक ऊर्जा |
| २०. | विपद् व्यवस्थापन |
| २१. | जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण |
| २२. | भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास |

## अनुसूची २

### नेपालको संविधानको अनुसूची ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची

| क्र.सं. | विषयहरु |
|---|---|
| १. | सहकारी |
| २. | शिक्षा, खेलकुद र पत्रपत्रिका |
| ३. | स्वास्थ्य |
| ४. | कृषि |
| ५. | विद्युत, खानेपानी, सिंचाई जस्ता सेवाहरु |
| ६. | सेवा शुल्क, दस्तुर, दण्ड जरिवाना तथा प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७. | वन, जंगल, वन्यजन्तु, चराचुरुंगी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८. | खानी तथा खनिज |
| ९. | विपद् व्यवस्थापन |
| १०. | सामाजिक सुरक्षा र गरीवी निवारण |
| ११. | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवहा र तथ्याङ्क |
| १२. | पुरातत्व, प्राचीन स्मारक र संग्रहालय |
| १३. | सुकुम्बासी व्यवस्थापन |
| १४. | प्राकृतिक स्रोतवाट प्राप्त रोयल्टी |
| १५. | सवारी साधन अनुमती |

कोहलपुर, बाँके
लुम्बिनी प्रदेश, नेपाल

# अनुसूची ३

## अन्तरिम सङ्गठन संरचना (२०७४ मा मन्त्रालयबाट प्राप्त)



# अनुसूची ४

## कोहलपुर नगरपालिका कार्यालयको सङ्गठन संरचना (२०७६ मा पारित )



# अनुसूची ५

## सङ्गठन संरचना (कार्यदलद्वारा २०७९ मा प्रस्तावित)



- **आर्थिक विकास शाखा**
  अधिकृत ( प्र ) छैटौ १
  - **उपभोक्ता हकहित ,बजार अनुगमन तथा संघ संस्था समन्वय उपशाखा**
    नासु ( प्र ) पाँचौ १
  - **उद्योग प्रयटन तथा रोजगार उपशाखा**
    नासु ( प्र ) पाँचौ १
- **बाताबरण तथा विपद ब्यबस्थापन शाखा**
  अधिकृत छैटौ १
  - **बाताबरण उपशाखा**
    नासु (प्र ) १
  - **विपद ब्यबस्थापन उपशाखा**
    मुखिया सहायक तेर्सो १
  - **दमकल इकाई**
    दरबन्दी अनुसार राखने
  - **नगर प्रहरी इकाई**
    दरबन्दी अनुसार राखने
- **पशुपन्छी विकास शाखा**
  अधिकृत ( पशु ) सातौ १
  प्रा स (पशु ) पाँचौ १
  - **पशु पन्छी विकास उपशाखा**
    अधिकृत ( पशु ) छैटौ १
  - **पशु पन्छी उपचार उपशाखा**
    अधिकृत ( पशु ) छैटौ १
- **सामाजिक विकास शाखा**
  अधिकृत ( विविध प्र) सातौ १
  म.बि.नी पाँचौ १
  स.म.बि.नि. चौथो २
  - **महिला बालबालिका तथा जेस्ठ नागरिक उपशाखा**
    अधिकृत ( विविध प्र ) छैटौ १,
    समबिनि चौथो १
  - **पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा**
    मबिनी पाँचौ १
    समबिनी चौथो १
- **पुर्बाधार विकास शाखा**
  अधिकृत ( इं ) सातौ १,
  अधिकृत ( इं ) छैटौ १,
  सई पाँचौ १, सर्वेक्षक पाँचौ १, अमिन चौथो १
  - **आबास भबन नक्शा उपशाखा**
    अधिकृत ( इं ) छैटौ १,
    सई पाँचौ १
  - **को.न.बि.स समन्वय उपशाखा**
    अधिकृत ( इं ) छैटौ १,सई पाँचौ १

# अनुसूची ६

## वडा कार्यालयको




## सङ्गठन संरचना

| **वडा कार्यालयको दरबन्दी विवरण** | | | | क वर्गको वडा कार्यालय २ र ११ समेत जम्मा २ वटा (जनसंख्य,सेवाप्रवाह, राजस्व) | | ख वर्गको वडा कार्यालय जम्मा १३ वटा (जनसंख्या(सेवाप्रवाह,राजस्व,) | | जम्मा वडा कार्यालय १५ | |
|---|---|---|---|---|---|---|---|---|---|
| क्रम | पद नाम | तह | सेवा /समूह | दरबन्दी | कुल पद | दरबन्दी | कुल पद | कुल दरबन्दी | कैफियत |
| १.१ | वडासचिव | छैठौ | प्रशासन/साप्र. | १ एक | २ दुई | --- | --- | २ दुई | वडा २ र ११ |
| २.१ | वडासचिव | पाँचौ | प्रशासन/साप्र. | --- | --- | १ एक | १३ते-ह | १३ते-ह | बाँकी १३ वडाहरू |
| २ | प्रशासन सहायक | चौथो | प्रशासन/साप्र. | १ एक | २ दुई | १ एक | १३ते-ह | १५पन्ध्र | वडा १ देखि १५ |
| ३ | अ. सव-ईन्जिनियर | चौथो | ईन्जी/सि/जन | १ एक | २ दुई | १ एक | १३ते-ह | १५ पन्ध्र | वडा १ देखि १५ |
| ४ | कार्यालय सहयोगी | | | १ एक | २ दुई | १ एक | १३ते-ह | १५पन्ध्र | वडा १ देखि १५ |
| | | जम्मा पद संख्या | | ४ पाँच | ८ आठ | ४ चार | ५२ बाउन्न | ६०साठी | |

## अनुसूची ७

## स्वास्थ्य केन्द्र तथा आधारभूत स्वास्थ्य केन्द्रको सङ्गठन संरचना




| | | | | | | |
|---|---|---|---|---|---|---|
| **नगर क्षेत्रमा रहेको कोहलपुर, रजेना र शमशेरगंज समेत जम्मा –३ स्वास्थ्य केन्द्रको दरबन्दी विवरण** | | | | | | |
| १ | ईन्चार्ज | छैठौं/पाँचौ | स्वास्थ्य / हे.ई. | १ एक | ३ तीन | ईन्चार्ज |
| २ | सि/.व.हे.अ. | छैठौं/पाँचौ/चौथो | स्वास्थ्य / हे.ई. | ३ तीन | ९ नौ | |
| ३ | सि/मि.न.अ | छैठौं/पाँचौ/चौथो | स्वास्थ्य/क.न. | २ एक | ६ छ | |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ एक | ३ तीन | करारबाट |
| | | **जम्मा पद संख्या** | | **६ तीन** | **२१ एक्काईस** | |
| **वडा स्तरीयआधारभूत शहरी स्वास्थ्य केन्द्रसंख्या –१२को दरबन्दी विवरण** | | | | | | |
| १ | हे.अ./; सि.अ.हे.व | पाँचौ/चौथो | स्वास्थ्य / हे.ई. | १ एक | १२ बा-ह | ईन्चार्ज |
| २ | अ.हे.व. | चौथो | स्वास्थ्य / हे.ई. | १ एक | १२ बा-ह | |
| ३ | अ.न.मि. | चौथो | स्वास्थ्य/नर्सिङ | १ एक | १२ बा-ह | |
| ४ | कार्यालय सहयोगी | श्रेणीविहिन | | १ एक | १२ वा-ह | करारबाट |
| | | **जम्मा पद संख्या** | | **४ चार** | **४८ अडचालिस** | |
| **स्वास्थ्य केन्द्र र आधारभूत स्वास्थ्य केन्द्र तर्फको कुल दरवन्दी संख्या** | | | | | **६९ उन्सत्तरी** | |

## अनुसूची ८

## सेवा समूह तह र पदको विवरण

| क्र.सं | पद नाम | तह | सेवा तथा समूह | संख्या | जिम्मेवार शाखा / ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | उप सचिव | प्रशासन / सा.प्र. | १ | कार्यालय प्रमुख | कामकाज गर्न खटाइएको |
| २ | अधिकृत (प्रशासन,सा.प्र) | आठौं/सातौं | प्रशासन / सा.प्र. | १ | सामान्य प्रशासन शाखा | समायोजित/ स्थायी |
| ३ | अधिकृत (लेखा) | आठौं/सातौं | प्रशासन /लेखा | १ | वित्त व्यवस्थापन शाखा | समायोजित/ स्थायी |
| ४ | अधिकृत (सिभिल ईन्जीनियर) | आठौं/सातौं | ईन्जी,सिभिल/जन | १ | योजना तथा पूर्वाधार विकास शाखा | समायोजित/ स्थायी |
| ५ | अधिकृत कानून | छैठौं | न्याय / कानून | १ | विधायन तथा कानूनशाखा | समायोजित/ स्थायी |
| ६ | अधिकृत आ.ले.प. | छैठौं | प्रशासन /ले.प. | १ | आन्तरिक तथा पूर्व लेखापरिक्षण ईकाई | समायोजित/ स्थायी |
| ७ | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | प्रशासन तथा जनशक्ति विकास उपशाखा | समायोजित/ स्थायी |
| ८ | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | बैठक व्यवस्थापन तथा शिष्टाचार उपशाखा | समायोजित/ स्थायी |
| ९ | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | खरीद तथा भण्डार उपशाखा (खरीद ईकाइ) | समायोजित/ स्थायी |
| १० | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | योजना तथा अनुगमन उपशाखा | समायोजित/ स्थायी |
| ११ | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | आर्थिक विकाश उपशाखा (सहकारी, उद्योग,पर्यटन, श्रम तथा रोजगार उपशाखा) | समायोजित/ स्थायी |
| १२ | अधिकृत(प्रशासन) | छैठौं | प्रशासन / सा.प्र. | १ | विपद व्यवस्थापन तथा आकस्मिक सेवा उपशाखा | समायोजित/ स्थायी |
| १३ | अधिकृत (प्रशासन) | छैठौं | प्रशासन /सा.प्र. | १ | राजस्व प्रशासन उपशाखा | समायोजित/ स्थायी |
| १४ | अधिकृत ईन्जिनियर (Civil) | छैठौं | ईन्जी /सि/ जनरल | १ | शहरी पूर्वाधार विकास उपशाखा | समायोजित/ स्थायी |
| १५ | अधिकृत ईन्जिनियर (Architect) | छैठौं | ईन्जी /सि/वि.आर | १ | आवास भवन,तथा नक्सापास उपशाखा | समायोजित/ स्थायी |
| १६ | अधिकृत (वातावरण) | छैठौं | ईन्जी /वातावरण | १ | वातावरण तथा सरसफाई उपशाखा | समायोजित/ स्थायी |
| १७ | अधिकृत सूचना प्रविधि | छैठौं | विविध प्रा. (IT) | १ | सूचना, संचार तथा प्रविधि उपशाखा | समायोजित/ स्थायी |
| १८ | लेखापाल | पाँचौ | प्रशासन /लेखा. | १ | आर्थिक प्रशासन (लेखा) उपशाखा | समायोजित/ स्थायी |
| १९ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | प्रशासन तथा जनशक्ति विकास उपशाखा | समायोजित/ स्थायी |
| २० | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | वैठक व्यवस्था तथा शिष्टाचार उपशाखा | समायोजित/ स्थायी |
| २१ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | विपद व्यवस्थापन / | समायोजित/ स्थायी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | संघसंस्था समन्वय उपशाखा | |
| २२ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | योजना तथा अनुगमन उपशाखा | समायोजित/ स्थायी |
| २३ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | राजस्व प्रशासन उपशाखा | समायोजित/ स्थायी |
| २४ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | सहकारी, उद्योग, पर्यटन, श्रम तथा रोजगार उपशाखा | समायोजित/ स्थायी |
| २५ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | कानूनी परामर्श तथा निर्णय कार्यान्वयन उपशाखा | समायोजित/ स्थायी |
| २६ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | न्यायिक समितिको सचिवालय | समायोजित/ स्थायी |
| २७ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | पंजीकरण तथा सामाजिक सुरक्षा उपशाखा | समायोजित/ स्थायी |
| २८ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | वातावरण तथा सरसफाई उपशाखा | समायोजित/ स्थायी |
| २९ | प्रशासन सहायक(ना.सु.) | पाँचौ | प्रशासन /सा.प्र. | १ | नगर सरसफाई उपशाखा | समायोजित/ स्थायी |
| ३० | प्रा.स.(खाद्य प्रविधि) | पाँचौ | प्रा. खाद्य प्रविधि | १ | उपभोक्ता हकहित तथा बजार अनुगमन उपशाखा | समायोजित/ स्थायी |
| ३१ | सव इन्जिनियर | पाँचौ | ईन्जी / सिभिल | ३ | शहरी पूर्वाधार विकास उपशाखा | समायोजित/ स्थायी |
| ३२ | सव इन्जिनियर | पाँचौ | ईन्जी / सिभिल | १ | आवास भवन तथा नक्शापास उपशाखा | समायोजित/ स्थायी |
| ३३ | सूचना प्रविधि सहायक (ICT) | पाँचौ | विविध सेवा,प्रा. | १ | संचार तथा सूचना प्रविधि उपशाखा | समायोजित/ स्थायी |
| ३४ | कम्प्युटर अपरेटर | पाँचौ | विविध सेवा,प्रा. | १ | सामान्य प्रशासन र राजस्व प्रशासन उपशाखा | समायोजित/ स्थायी |
| ३५ | सर्वेक्षक | पाँचौ | ईन्जी / सर्वे | १ | आवास, भवन तथा नक्शापास उपशाखा | समायोजित/ स्थायी |
| ३६ | सहायक (खरिदार स्तर) | चौथो | प्रशासन /सा.प्र | ४ | सामान्य प्रशासन शाखा मार्फत तोकिने | समायोजित/ स्थायी |
| ३७ | सहायक (स.ले.पा.स्तर) | चौथो | प्रशासन /लेखा | १ | आर्थिक प्रशासन उपशाखा | समायोजित/ स्थायी |
| ३८ | अमीन | चौथो | ईन्जी / सर्वे | १ | राजश्व, आवास,भवन तथा नक्शापास उपशाखा | समायोजित/ स्थायी |
| ३९ | कार्यालय सहयोगी | चौथो/पाँचौ | सा.प्र. | ७ | नगरपालिका तथा विषयगत शाखा | समायोजित/ स्थायी |
| | | | जम्मा पद संख्या | ५० | पचास | |

ख) अस्थायी तथा करार सेवामा रहने दरबन्दीको विवरण

| क्र.सं | पद नाम | तह | सेवा तथा समूह | संख्या | जिम्मेवार शाखा / ईकाइ | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | सहायक(स.ले.पा.स्तर अस्थायी) | चौथो | प्रशासन /लेखा | १ | आर्थिक प्रशासन उपशाखा | साविक स्थानिय निकाय देखि कार्यरत |
| २ | सहायक कम्प्युटर अपरेटर (करार) | चौथो विविध सेवा, प्रा. | विविध सेवा,प्रा. | १ | न्यायिक समिति | साविक स्थानिय निकाय देखि कार्यरत |
| ३ | मुखीया (करार) | सहायक | प्रशासन /सा.प्र | २ | राजश्व, आवास, भवन तथा | साविक स्थानिय |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | स्तर तेस्रो | | | नक्शापास उपशाखा / वडा कार्यालय | निकाय देखि कार्यरत |
| ४ | मध्यस्थकर्ता संयोजक | चौथो | प्रशासन /सा.प्र | २ | न्यायियिक समिति / वडा कार्यालय | साविक स्थानिय निकाय देखि कार्यरत |
| ५ | दमकल ईन्चार्ज | चौथो विविध सेवा,प्रा. | विशेष सेवा,प्राविधिक | १ | नगरपालिका आकस्मिक सेवा (दमकल सेवा ) | साविक स्थानिय निकाय देखि कार्यरत |
| ६ | फायरमेन (दमकल ) | श्रेणीविहिन | विशेष सेवा प्राविधिक | ३ | आकस्मिक सेवा ईकाई( दमकल सेवा ) | करार / अस्थायी |
| ७ | भारी सवारी चालक(दमकल) | श्रेणीविहिन | मेकानिकल प्राविधिक | १ | आकस्मिक सेवा ईकाई( दमकल सेवा ) | साविक स्थानिय निकाय देखि कार्यरत |
| ८ | भारी सवारी चालक | श्रेणीविहिन | मेकानिकल प्राविधिक | २ | पूर्वाधार रसरसफाई ( भारी उपकरण ) | साविक स्थानिय निकाय देखि कार्यरत |
| ९ | हलुका सवारी चालक | श्रेणीविहिन | मेकानिकल प्रा विविध | ३ | सामान्य प्रशासन शाखा | साविक स्थानिय निकाय देखि कार्यरत |
| १० | कार्यालय सहयोगी | श्रेणीविहिन | प्रशासन | ३ | नगरपालिका तथा विषयगत शाखा | साविक स्थानिय निकाय देखि कार्यरत |
| | जम्मा दरबन्दी संख्या | | | १९ | उन्नाईस | |
| | क र ख को कुल दरबन्दी संख्या | | | ६९ | उन्नान सत्तरी | |

## अनुसूची ९

## नपाका पदाधिकारी, कर्मचारी र सरोकारवालाहरुसँग भएका भिन्दाभिन्दै छलफलमा उठाइएका मुख्य विषयहरुको सूची[2]

**अध्ययनको क्रममा २०७९।५।५ गते नगरपालिकाका पदाधिकारी तथा शाखा प्रमुखहरुसँग, २०७९।५।६ गते विभिन्न शाखाका कर्मचारीहरुसँग, २०७९।५।७ गते वडा कार्यालयहरुको स्थालगत भ्रमण र छलफल, र २०७९।५।८ गते नगरपालिकाका पूर्व पदाधिकारी र अन्य सरोकारवालाहरुसँग छलफल गरी सुझाव सङ्कलन गरिएको थियो ।**

- सुधारको प्रयास हुनु राम्रो हो तर यथार्थ र कार्यान्वयनयोग्य सुझाव आउनु पर्यो,
- नपामा सुशासन कमजोर छ,
- असल प्रशासनका काम कर्तव्यहरू के हुन सक्छन्,
- जिम्मेवारी अनुसार काम कारवाही भएका छैनन् ,
- Capacity development का कार्यक्रमहरु छैनन् । capacity development कसरी गर्ने स्पस्ट पारिदिनुपर्यो,
- अनुगमन पद्धति को सुधार कसरी गर्ने,
- प्रक्रियाहरु झन्झटिला छन् ,
- पारदर्शिता छैन,
- विकास कार्यको गुणस्तर छैन,
- ऐन कानुनहरु बनेका छन् तर पालन भएको छैन,
- कर्मचारीको अभाब छैन तर काम भइरहेको छैन,
- संस्थागत संस्मरणको कमी छ,
- प्रशासनिक तथा कार्यसञ्चालन सम्बन्धी स्पस्ट सुझाव आवस्,
- जिम्मेवारीको बाँडफाँड स्पस्ट छैन,
- अनलाइन सेवा प्रवाह गर्नुपर्ने,
- सङ्गठन संरचना र कर्मचारी व्यवस्थापन प्रमुख समस्या हो,
- कर्मचारी समायोजनबाट कर्मचारी सन्तुस्ट छैनन्,
- नागरिक बडापत्र र सुझाब पेटिका सबै ठाउँमा छैन,
- सेवा प्रवाहका लागि वडामा निर्धारित फर्म्याट छैनन्,
- स्वास्थ्य संस्थाको औषधि ब्यबस्थापन सन्तोषजनक छैन,
- स्वास्थ्य संस्थामा कर्मचारीको अभाबले गुणस्थरीय सेवा दिन सकिएको छैन,
- कर्मचारीको motivation कमजोर छ यसलाई कसरी बढाउने,
- कार्यकर्महरु परिवर्तन भैरहने गर्दा अनिश्चितता बढी भयो,
- कर्मचारीले काम नगर्दा तेस्को अपजस जनप्रतिनिधिले लिनु पर्ने अवस्था छ,
- योजना फरफारकमा समस्या छ,
- शाखागत कार्यविवरण स्पस्ट छैन,

[2] धेरै सहभागीले एउटै विषयमा उठाएका सवालहरुमध्ये एकलाई मात्र समावेश गरिएकोछ ।

- २०७६ मा पालिकाद्वारा स्वीकृत सङ्गठन चार्ट अनुसार सङ्गठन संरचना प्रयोगमा ल्याइएको छैन। यसलाई अडिटले मान्यता दिएको पनि छैन ।
- २०७८ सालमा कार्यविवरण बनाउन एउटा कल्सल्टेन्टलाई दिइएको थियो भन्ने सुनिएको तर त्यो २०७६ सालको स्वीकृत संरचनासँग नमिलेकोले प्रयोगमा नल्याइएको भनिन्छ । यसमा शाखाहरुको नाम तथा कार्यविवरण मिलेको पनि छैन भनिन्छ,
- नगरपालिकाको काम कारवाहीमा नाताबाद कृपाबाद धेरै छ,
- संचार समूह गठन गरिएको छ तर प्रभावकारिता कम छ,
- बजेट बारे समयमा जानकारी हुँदैन,
- पब्लिकमा जाने सूचना पूर्ण नहुने गरेको,
- चुनौतीसँगै अवसरहरु पनि छन् तर तिनको उचित व्यवस्था गर्न सकिएको छैन,
- कर्मचारीबाट समयको परिपालना भएको छैन,
- सेवा ग्राहीको निवेदनमा तोक लगाउन कुर्नु नपर्ने गरिएको छ,
- अधिकारको प्रत्यायोजन गरिएको छ,
- right man in right place कसरी गर्न सकिन्छ,
- आम्दानी बढी हुँदा दरबन्दी बढ्नु राम्रो कुरा हो र ,
- आर्थिक सुशासनलाई कसरी मजबुत गर्न सकिन्छ,
- कर छुट दिने प्रवृत्ति असाध्यै बढेको छ,
- जवाफदेहिता कसरि बृद्धि गर्न सकिन्छ ,
- भैरहेका काम बारे जानकारी दिने उपयुक्त पद्दति बसेको छैन,
- update mechanism आवश्यक छ,
- उपप्रमुखक समस्याको सम्बोधन गर्ने पद्धति विकास गर्नु पर्ने,
- यो समय सिकाईको समय हो,
- नमूना नगरपालिका बनाउने सोचलाई बल पुग्ने गरी सुझाव आवस्,
- कर्मचारीले आफनो दृष्टिकोणमा परिबर्तन गर्नु पर्यो,
- सूचना बाहिर पठाउने काम कर्मचारीबाट भैरहेको छ,
- विगतमा गरिएका धेरैजसो अध्ययन तथा सुझावहरु दलगत भावनाबाट प्रेरित भएको देखिन्छ जसलाई कार्यान्वयनमा ल्याउन सकिन्न ।
- पालिकाका केही शाखाहरुको लागि कोठा नै छैन,
- कर्मचारी हुँदाहुँदै दुइटा शाखा प्रमुखको जिम्मेवारी एउटैलाई दिएको छ,
- शाखा उपशाखामा देखिएको अस्पस्टता हटाउनु पर्ने,
- कानून बनाउदा सरोकारवालासँगको समन्वयमा बनाउदा राम्रो हुन्थो,
- स्थानीय तह कर्मचारी भर्ना गर्ने भर्ती केन्द्र जस्ता भएका छन्,
- दरबन्दीमा उपशाखा तर board शाखाको रहेको पनि छ,
- खाद्य निरीक्षकको दरबन्दी थप्दा राम्रो हुन्थो,
- बाहिर बसेका शाखालाई नगरपालिका परिसरमा स्थान भए हुन्थो,
- नपाका काम कारवाही बारेको तालिम आवश्यक छ,
- वड़ामा नागरिक बडापत्र छैन,

- उपप्रमुखसँगको समन्वय गर्ने उपयुक्त व्यवस्था हुनुपर्ने ,
- प्रमुख, उपप्रमुख र प्रमुख कार्यकारी अधिकृतबीच संचारको उपुयुक्त व्यवस्था कसरी गर्न सकिन्छ,
- न्यायिक समितिको प्रभावकारिता कसरी गर्न सकिन्छ,
- वड़ामा रंगिन प्रिन्टर को आवश्यकता  छ,
- कार्यालय समय भन्दा बढी काम गरेमा थप सुबिधा दिनु पर्ने,
- वड़ाका जनाप्रतिनिधि र कर्मचारीले तालिम पाउँदैनन,
- सरुवा पद्धती व्यवस्थित गर्नु पर्ने,
- वड़ामा स्वीकृत अधिकृतको दरबन्दी भएपनि पूर्ति भएन,
- व्यवसाय कर नपाले उठाई रहेको छ, वडालाई अधिकार दिइएन,
- टोल विकास संस्थालाई तालिम चाहियो,
- सदस्यहरुको जिम्मेवारी बाँडफाँड भएको छैन,
- सदस्यको कोठा ब्यबस्थापन छैन,
- अनुगमन गर्दा सुबिधा को व्यवस्था छैन,
- वडामा जनसंख्या बढी बजेट कम छ,
- वडामा हेल्प डेस्कको आवश्यकता छ,
- स्वास्थ्यका लागि रकम कम बिनियोजन भएको छ,
- स्वास्थ्यको कर्मचारी समायोजनमा समस्या भएको छ,
- आचारसंहिता बनेको छैन,
- योजना पुस्तिका छ तर प्रचलनमा छैन,
- उपभोक्ता समितिलाई तालिम छैन,
- ल.इ अंग्रेजीमा हुन्छ नेपालीमा छैन,
- केही योजनामा मात्र hoarding board राखे गरिएको छ,
- अनुगमन समितिको कार्यविधि छैन,
- योजनाको मर्मत सम्भार कोषको व्यवस्था छैन,
- टुक्रे योजना धेरै हुँदा कार्यन्वयनमा समस्या छ,
- बेरुजुको मात्रा बढी छ,
- बेरुजू फछ्र्यौट लेखा शाखाबाट मात्र सम्भव छैन सम्बन्धित शाखाको पनि सहयोग चाहिन्छ,
- योजना सम्झौतामा समस्या छ,
- कार्यपालिका बैठकले योजना संशोधन गर्ने गरेको छ,
- राजश्व लक्ष्य अनुसार उठ्न सकेको छैन,
- राजश्व सुधार कार्ययोजना अनुसार कार्य भएका छैनन्,
- राजश्व छुटको विषय गम्भीर छ,
- राजश्व उठाउने इकाई कस्तो हुने,
- वडा कार्यालयको घेरबार, scaner laptop (१५), अस्थाई कर्मचारीलाई करारमा राखिएको छ,
- वडामा विवाद समाधानमा समस्या छ मध्यस्तकर्ताको व्यवस्था छैन,
- वडाको profile छैन ,
- सेवा प्रवाह एउटै स्थानबाट भएको भए राम्रो हुन्थो,

- स्टेसनरी सामानको लागि नपा धाउनु पर्ने अवस्था छ,
- बजेट बारे जनता अनभिज्ञ छन्,
- बजेट निर्माणमा नागरिक सहभागिता कम छ,
- बजेट पुस्तिका समयमा बन्दैन,
- दीर्घकालिन सोच नभएका विकास योजनाहरु छन्,
- सूचनाको पहुँच जनतासम्म छैन,
- करारका कर्मचारी आवश्यक हो कि होइन,
- कार्यान्वयन कार्ययोजना छैन,
- कर्मचारीले पोशाक लगाउँदैनन्,
- भोलि भोलि भन्ने प्रवृत्ति हट्न सकेको छैन,
- निर्माण व्यवसायी परिचालन नियमावली बनाए राम्रो हुन्थो,
- खरिद कानुन विकासको वाधक बनेकोछ,
- फिल्डमा काम गर्नेलाई सवारी साधन दिनु पर्छ, नजिकै घर भएकालाई नदिंदा हुन्छ,
- ऐन नियमावली निर्देशिका कार्यविधि अनावश्यक बनेका छन्,
- DPR नगरी योजना सञ्चालन गर्नु हुँदैन,
- पालिका र वडा कार्यालयका मुख्य ठाउँहरुमा सी सी क्यामेराको व्यवस्था हुनुपर्ने ।

कोहलपुर नगरपालिका नगर कार्यपालिकाको कार्यालय कोहलपुर, बाँके लुम्बिनी प्रदेश, नेपाल